जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक ३३, २०७८ साल चैत ४ गते शुक्रबार, नेपाल संवत् ११४२ (March. 18, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

फेरि नयाँ भेरियन्ट "डेल्टाक्रोन"

काठमाडौं। अमेरिका र फ्रान्समा कोभिड-१९ को नयाँ भेरियन्ट देखिएको छ। कोभिडका यसअघिका भेरियन्ट ओमिक्रोन र डेल्टासँग मिल्दोजुल्दो भएको साइप्रसको एक ल्याबमा गरिएको अनुसन्धानबाट पुष्टि भएको अन्तर्राष्ट्रिय समाचार संस्था स्काई न्युजले उल्लेख गरेको छ।

'डेल्टाक्रोन' नाम दिइएको उक्त भेरियन्टले डेल्टा र ओमिक्रोन दुवैको असर देखिने भाइरोलोजिस्टहरूले बताएका छन्। गत मार्च ९ मा नेदरल्यान्ड्स र डेनमार्कमा पनि यहि भेरियन्ट देखापरेको विश्व स्वास्थ्य संगठनले उल्लेख बाँकी ८ पेजमा

इन्धनको मूल्य फेरि बढ्यो

काठमाडौं। नेपाल आयल निगमले इन्धनको मूल्य फेरि बढाएको छ। भारतीय आयल कर्पोरेसनबाट मूल्य बढेर आएको जनाउँदै निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य वृद्धि गरेको हो।

पेट्रोलको भाउ प्रतिलिटर ५ रुपैयाँले बढाइएको छ। त्यस्तै डिजेल र मट्टितेलको मूल्य पनि प्रतिलिटर ५ रुपैयाँले बढेको छ। बढेको मूल्य बुधबार राति १२ बजेबाट लागू भएको निगमले जनाएको छ।

बढेको मूल्यअनुसार अब काठमाडौं उपत्यकामा पेट्रोल प्रतिलिटर १५५ रुपैयाँ पर्नेछ। डिजेल तथा मट्टितेलको मूल्य प्रतिलिटर बाँकी ८ पेजमा

चुनावी कुरुक्षेत्रमा होमिदै राजनीतिक दलहरू

काठमाडौं। आगामी वैशाख ३० गतेको स्थानीय तह निर्वाचन मिति नजिकिएसँगै मुख्य राजनीतिक दललगायत संसदमा प्रतिनिधित्व नभएका साना राजनीतिक दलले समेत चुनावी अभियानलाई तीव्रता दिएका छन्। सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेस, प्रमुख प्रतिपक्षी दल एमाले सत्ता साझेदार माओवादी केन्द्र र एकीकृत समाजवादी, जनता समाजवादीका शीर्ष नेताहरू विभिन्न जिल्ला पुगेर चुनावी कार्यक्रम सुरु गर्न थालेका छन्। गाउँमा नेता कार्यकर्ताको चहलपहल बाक्लिएको छ। पार्टीका झन्डाले गाउँहरू रंगिन थालेका छन्। निर्वाचन नजिकिएसँगै विपक्षी दलका कार्यकर्ता र जनप्रतिनिधिलाई पार्टीमा भित्र्याउन प्रतिस्पर्धा नै चलेको छ। कतिपय स्थानमा आफूलाई उम्मेदवारको दावी गर्दै पार्टी परिवर्तन गर्ने क्रम पनि बढेको छ।

आगामी निर्वाचनसम्मै वर्तमान सत्ता गठबन्धनलाई कायम राख्ने वा नराख्ने भन्ने विषयमा प्रमुख दल नेपाली कांग्रेस केन्द्रीय नेतृत्वभित्र मत विभाजित छ। संस्थापन पक्षभित्र वर्तमान गठबन्धन चुनावसम्मै कायम राखेर अगाडि बढ्नुपर्छ भन्ने मत छ भने संस्थापन इतर समूहले कांग्रेसीले 'रुख' बाहेक अन्यत्र मतदान गर्न नहुनेमा अडान लिइरहेको छ।

आफूलाई कांग्रेसले मतदातासामु एक्लै



उभ्याएर आफ्नो शक्तिको पहिचान गर्नुपर्ने तर्क गर्दै आएको संस्थापन इतर तप्काले गठबन्धनबाट कांग्रेसलाई नभई गठबन्धनमा रहेका अन्य दललाई मात्रै फाइदा पुग्ने दाबी गरिरहेको छ।

वैशाख ३० को स्थानीय तह चुनाव तयारीमा खटिएका कांग्रेसका स्थानीय नेता कार्यकर्ता गठबन्धनका विषयमा साझा धारणा नबनेका कारण अन्योलमा छन्। कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले चुनावमा गठबन्धन बनाएर जाने कि एक्लै जाने भन्नेमा चैत तेस्रो साता बस्ने केन्द्रीय समिति बैठकले टुंगो लगाउने बताएका छन्। कांग्रेसको 'घरघर जाऔं, कांग्रेस जिताऔं' अभियानका क्रममा गाउँ तहबाट आएका सुझावअनुसार निर्णय हुने उनले जनाएका छन्। केन्द्रमा गठबन्धन नभए पनि जिल्ला र गाउँ तहमा गठबन्धन हुन सक्ने उनको भनाइ छ।

अन्योलका बीच पनि स्थानीय तहका कांग्रेसीको ठूलो तप्का स्थानीय तहको निर्वाचनमा गठबन्धन हुनुहुँदैन भन्ने पक्षमा देखिएको छ। स्थानीय तहका कांग्रेसीको तर्क छ- गठबन्धन भए कांग्रेस थप कमजोर बन्नेछ। त्यसो त कम्युनिस्ट पार्टीहरूमा आएको विभाजनले पनि कांग्रेसको सहज जित कार्यकर्ताले देखेका छन्। यो अवस्थामा अन्य दलहरूसँग गठबन्धन गर्नु भनेको कांग्रेसको आत्मसमर्पण हुने विश्लेषण कार्यकर्ताको छ। कांग्रेसलाई फाइदा कि नोक्सान ? कार्यकर्ताको प्रश्न छ- यसको सही विश्लेषण गर्न पार्टीले सकोस्।'

चुनावी तयारीका लागि जिल्लामा खटिएका केन्द्रीय प्रतिनिधिलाई पनि कांग्रेसीले गठबन्धन नगरेर पार्टी एक्लै चुनावमा भिड्नुपर्ने सन्देश दिइरहेका छन्। अझ मूलतः पार्टीको वडा

तहसम्म त गठबन्धन हुनै नहुने कार्यकर्ताको माग छ। जिल्ला तहका नेताहरूका अनुसार कांग्रेसी कार्यकर्ताले स्थानीय तहमा आफ्नो पहिचान खोजेका छन्। मतदाताको नजरमा कांग्रेसको पोजिसन के हो भन्ने एकिन गर्न कांग्रेस एक्लै चुनावमा भिड्नुपर्ने जोड कार्यकर्ताको छ। कांग्रेसीमा अहिले चुनाव जित्ने विश्वास पनि अधिक रहेकाले कांग्रेस गठबन्धनका आधारमा नभई एक्लै हिँड्नुपर्ने सुझाव कार्यकर्ताको रहेको देखिन्छ।

गठबन्धन भएको खण्डमा आफ्नो सहज जित हुने स्थानमा समेत अर्को दललाई जिताउनुपर्ने हो कि भन्ने त्रास कार्यकर्तामा देखिएको छ। गठबन्धन भई हाले पनि आफ्नो पकड बलियो रहेको स्थानमा कांग्रेसले नै उम्मेदवार खडा गर्नुपर्ने तर्क स्थानीय तहमा उठिरहेको छ। गठबन्धन भइहाले एकले अर्को दललाई सहयोग गर्ने विश्वास हुनुपर्ने कार्यकर्ताको धारणा पाइन्छ।

कांग्रेसले विजय हासिल गर्ने प्रमुख आधार नै वामपन्थी शक्तिहरूबीचको विभाजन र अन्तरघात रहिआएको छ। एमाले विभाजित छ, माओवादी केन्द्रको हालत त्यही छ। कतिपय वामपन्थी दलहरू संगठन विस्तारमै छन्। संगठन बलियो नभएका साना वाम दलहरूले पनि संगठन विस्तार तीव्र पारेका छन्। कांग्रेसले गठबन्धन भत्काएर एक्लै अघि बढ्ने संकेत पाएका वाम दलहरूबीच चुनावी कार्यगत एकता हुने सम्भावना पनि त्यत्तिकै छ।

चुनावमा कांग्रेस एक्लै होमिने लख काटेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले चुनावका लागि गठबन्धनको भर नपर्न निर्देशन दिएका छन्। अब हामी आफैं एक्लै चुनाव लड्ने हो। गठबन्धनको भर नपरौं, बाँकी ८ पेजमा

वाङ नेपाल भ्रमणमा आउनु अर्थपूर्ण

काठमाडौं। चिनियाँ विदेशमन्त्री वाङ यी नेपाल भ्रमणमा आउने तयारीमा रहेका छन्। आउँदो चैत दोस्रो साता विदेशमन्त्री वाङ नेपाल भ्रमणमा आउने तयारीमा रहेको अनौपचारिक जानकारी प्राप्त भएको परराष्ट्र मन्त्रालयका एक अधिकारी जानकारी दिए।

विदेशमन्त्री वाङको भ्रमणको विषयमा परराष्ट्र मन्त्रालयले अन्य मन्त्रालयसँग सम्भावित एजेन्डाको विषयमा गृहकार्य गरिरहेको एक सरकारी अधिकारीले बताए। नेपालमा अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्स कर्पोरेसन (एमसीसी) संसद्बाट

बाँकी ८ पेजमा

दुवै प्रहरी संगठनको नेतृत्व फेरिँदै

काठमाडौं। स्थानीय निर्वाचनअघि दुवै प्रहरीको नेतृत्व परिवर्तन हुँदै छ। चुनावको मुखैमा नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैको नेतृत्व फेरिँदा सुरक्षा प्रभावित हुने सम्भावना छ। नेपाल प्रहरीका महानिरीक्षक शैलेश थापा क्षेत्रीले चुनावको १२ दिनअघि अवकाश पाउँदै छन्। ३० वर्षे सेवाहदका कारण उनले १८ वैशाखमा अनिवार्य अवकाश पाउन लागेका हुन्। जसकारण चुनावको बेला नयाँ आइजिपीले सुरक्षा कमान्ड सम्हाल्नुपर्नेछ। बाँकी ८ पेजमा

बिना काम सांसदलाई तलब र भत्ता

काठमाडौं। संघीय संसद्को विधेयक अधिवेशन एउटै विधेयक पारित नगरी मंगलबार अन्त्य भएको छ। प्रतिनिधिसभामा ४२ र राष्ट्रिय सभामा १५ गरी संघीय संसद्मा ५७ विधेयक विचाराधीन छन्।

प्रमुख प्रतिपक्ष एमालेले निरन्तर अवरोध गर्दा र सरकार पनि संसद् खुलाउन गम्भीर नबन्दा कुनै पनि विधेयकले कानुनको रूप लिन नसकेको हो। मंसिर २८ मा सुरु भएको संसद् को १० औं अधिवेशन ९२ औं दिनमा अन्त्य गरिएको हो। यस अवधिमा ११ वटा बैठक ७ घण्टा ५० मिनेट बसेको संसद् सचिवालयले जनाएको छ। 'अधिवेशन अवधिभरका बैठकमा प्रमुख प्रतिपक्ष एमालेको अवरोध कायम रह्यो,' संसद्ले बाँकी ८ पेजमा

किन उठ्दैन काठमाडौंको फोहोर ?

काठमाडौं। सरकारले स्थानीयसँगको सहमति कार्यान्वयन नगर्दा काठमाडौंमा महिनौंसम्म फोहोर उठ्न सकेको छैन। स्थानीयले सरकारले सडक बाटो निर्माण नगरेको भन्दै पटकपटक फोहोरका गाडी रोक्दै आएका छन्। यसअघि फागुन लागेसँगै स्थानीयले बाटो अवरोध गरेर फोहोर बोकेका गाडी रोकपछि दुई साता काठमाडौं उपत्यकाको फोहोर उठ्न सकेको थिएन। पासाङ ल्हामु राजमार्गमा पर्ने तिनपिप्लेका स्थानीयले सडक पिच बाँकी ८ पेजमा

१४ वाणिज्य बैंक राष्ट्रबैंकको कारबाहीमा

काठमाडौं। चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्ममा राष्ट्र बैंकले १४ वटा वाणिज्य बैंकहरूलाई कारबाही गरेको छ। निर्देशन नमानेको भन्दै ती बैंकलाई कानुन बमोजिम कारबाही गरिएको राष्ट्र बैंक सुपरीवेक्षण विभागले जनाएको छ।

तीन महिना अघि मुद्दती निक्षेपको ब्याजदर परिवर्तन गरेको, केही कम्पनीहरूको खाता रोक्का राख्न दिएको निर्देशन पालना नभएको, मुद्दती निक्षेप र साधारण निक्षेपको ब्याजअन्तर ५ प्रतिशतभन्दा बढी राखेको, निर्देशन अनुसार अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात कायम नगरेको लगायत विषयमा ती बैंकहरूलाई कारबाही गरिएको छ। बाँकी ८ पेजमा

दशगजामा भारतको दादागिरी

परासी। भारतले दशगजानजिकै एकतर्फी रूपमा ड्यामसहितको सडक निर्माण गरिरहेको छ। दुई देशबीचको तल्लो र माथिल्लो तटीय क्षेत्रको आठ किलोमिटरसम्म एकतर्फी ड्याम, ठूला संरचना र प्राकृतिक पानीको बहाव रोकिने संरचना निर्माण गर्न पाइँदैन। निर्माण गर्नुपरे दुवै देशको सहमति अनिवार्य छ। तर, भारतले प्रतापपुर गाउँपालिकाको झुलनीपुर नाका नजिकै दशगजाबाट ५० मिटर दूरीमा सडक निर्माण गरिरहेको हो।

भारत उत्तर प्रदेश महाराजगन्ज जिल्ला निचरौल ग्राम पञ्चायतको क्षेत्रमा भारतको सीमा सुरक्षा सडक (बीआरओ) परियोजना अन्तर्गत पूर्वदेखि पश्चिमसम्म निर्माण भइरहेको हो। जसले गर्दा नेपाली भूमि डुबानमा पर्ने खतरा छ। ७ फिट उचाइ र २५ मिटर चौडाइको सडकमा कहीं पनि पुल तथा पानी निकासका लागि पूर्वाधार बनाइएको छैन।

पानीको निकास थुनिँदा नेपाली भूभाग

डुबानमा पर्ने सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले बताए। 'भारतले अन्तर्राष्ट्रिय नियमविपरीत दशगजाबाट ५० मिटरको नजिकै ठूलो सडक निर्माण गरिरहेको छ,' उनले भने, 'यो सडक निर्माण भएपछि नेपाली भूभाग सधैं डुबानमा पर्नेछ। यसबारे गृह मन्त्रालयदेखि भारत उत्तर प्रदेशसम्म जानकारी गराएको भए पनि अहिलेसम्म सुनुवाइ भएको छैन।'

सडक निर्माण तत्काल नरोक्ने हो भने पश्चिम नवलपरासीको सुस्ता, प्रतापपुर, सरावल र पाल्हीनन्दन गाउँपालिकाका धेरै बस्ती डुबानमा पर्ने निश्चित छ। संविधानसभा सदस्य देवकरण कलवारका अनुसार यो सडक बनाउन भारतले वर्षौंदेखि प्रयास गरेको थियो। हरेक वर्ष केही किलोमिटर बढाउने रणनीतिअनुसार उसले काम गर्दै आएको कलवारले बताए। 'यो सडकको मुद्दा तत्कालै प्रधानमन्त्री वा परराष्ट्र मन्त्रालयस्तरमा पुग्नुपर्ने हो। सडक निर्माणका नाममा ड्याम बनाउन पाइँदैन,' उनले भने, 'अन्तर्राष्ट्रिय नियमको पालना नगरी एकतर्फी रूपमा निर्माण भएको संरचना तत्काल रोकिनुपर्छ। नेपालीलाई डुबानमा पार्ने गरी स्थायी संरचना बाँकी ८ पेजमा

फागु पर्वसँगै जोडिएको सुखानी काण्ड

काठमाडौं। नेपाली कम्युनिस्ट आन्दोलनलाई नै नयाँ दिशा दिने ऐतिहासिक झापा विद्रोहका अगुवाहरू अहिले ओझेलमा छन्। झापा विद्रोहकै निगेसी बोकेका केपी शर्मा ओली देशकै कार्यकारी प्रमुखको हैसियतमा समेत पुगे। फासिस्ट निरंकुश पञ्चायती एकदलीय शासनविरुद्ध हतियार उठाउने झापा विद्रोहका योद्धाहरूको कहीँ कतै चर्चा छैन। बाँचुन्जेल के छ ? कस्तो छ ? भनेर नसोध्ने मतलबी नेपाली समाजले मरेपछि भने के भएर, कसरी हुँ ? भनेर ठाडा कान लगाउने गर्छ। तर देश र जनताका निम्ति जीवन कुर्बान गर्ने झापाली युवा वागीहरूलाई उनीहरूकै दलले सत्तारुढ हुँदा पनि सम्झना समेत नगरिनु विडम्बनापूर्ण छ।

प्रसंग हो, फागुन २१ को। वि.सं. २०२९ साल फागुन २१ गते झापा विद्रोहका अगुवा बाँकी ८ पेजमा

फागु पर्वको महत्व र सान्दर्भिकता

समय सन्दर्भ

● प्रा.डा. डिल्ली ओली

हरेक देश, ठाउँ, समाजमा धर्म, दर्शन, परम्परा, खगोल, भूगोल, मौसम र समुदायअनुसारका चाडपर्व हुन्छन्। त्यस्ता पर्व पर्व्यानीहरूको सामाजिक-सांस्कृतिक र मानवीय पक्ष हुन्छ। चाडपर्व भौगोलिक, सांस्कृतिक र सामुदायिक परिचय पनि हो। यस्तै परिचय र सान्दर्भिकता बोकेको पर्व फागु पनि हो।

फागुलाई होली पनि भनिन्छ। यो भारतीय शब्द हो। यो पर्व सम्बन्धित कथाका पात्रहरू हिरण्यकस्येपु, होलीका र प्रल्हाद हुन्। यि जोडिएका पात्र हुन्। शास्त्रीय, पौराणिक विषय र पात्रहरूले समाजलाई परम्परा, संस्कृति र संस्कारमा बाँधेका हुन्छन् र तिनले समाज र समुदायमा निरन्तरता पाइरहेका हुन्छन्। यिनमा समय ठाउँ र परिस्थितिअनुसार परिवर्तन भइरहनु स्वभाविक प्रक्रिया मानिन्छ।

फागु पर्व वसन्त ऋतु परिपक्क हुने समयमा फाल्गुन महिनामा पर्दछ र गर्मी सुरु हुने हुँदा रंग

महोत्सवको रुपमा पनि लिइन्छ। यो भावनात्मक पक्ष हो। यद्यपि यो पर्व पश्चिम एसियाबाट यहाँ विस्तार भएको मानिन्छ। तर फागुको उल्लेख पुराणहरूमा पनि पाइने हुनाले यसको प्राचीनताबारे बुझ्न सकिन्छ। कसैकसैले फागुलाई कामदेवसँग सम्बन्धित पनि मान्दछन्। फागु पूर्णिमालाई चन्द्रमाको जन्मदिन पनि मानिएको छ। कसैले नेपालमा यसलाई सालभन्जिकाको रुपमा मनाइने कुराको उल्लेख गरेका छन्।

फागु पर्वको पहिलो पक्ष भगवान कृष्णसँग जोडिएको छ। त्यसैले यसलाई कृष्ण महोत्सव पनि भनिएको हो। चिर उत्थानपछि फागु सुरु हुन्छ र यसको दहनपछि अन्त्य हुन्छ। चिर उत्थान लाक्षणिक शब्द हो। मूलत : यो भगवान कृष्णले गोपिनीको चिरहरण गरेको सन्दर्भ हो। किनभने यही नेपाल उपत्यकाभित्रको ऐतिहासिक ठाउँ भक्तपुरमा फागु पर्वमा महाभारत पात्रका लिङ्ग र योनीपूजा हुन्छ। त्यसैले चिर उत्थान अथवा फागु रासलीलासँग सम्बन्धित पर्व हो।

मोक्ष प्राप्तिको लागि संसर्गजन्य अभिचार हाम्रो सभ्यतामा नभएको पनि होइन। हाम्रो समाजमा चोलीयामार्ग र विजमार्ग भएको तथ्य सुन्दरीचोक पाटनको एउटा मूर्तिले पनि स्पष्ट पार्दछ। वेदान्तको मुख्य विषय माया पनि हो। यो अज्ञानता वा भ्रम हो। भगवान कृष्णको सन्दर्भमा चिरहरण मायाको आवरणलाई हटाएको पक्षसँग सम्बन्धित छ। मायाको कारणले जीवनले म ब्रह्म हुँ भन्ने बिर्सन्छ। माथि उल्लेखित लिंग र योनीपूजा, भगवान कृष्ण र गोपिनीको रासलीला, गोपीनिको चिरहरण, फागुन महिना सबैको लाक्षणिक अर्थ एउटै हो। माया हटिसकेपछि लिङ्ग र योनीपूजा, कृष्णको रासललिा ब्रह्म साक्षत्कार र आत्मा सात्क्षत्कारसँग जोडिएका विषय हुन्। बाँकी ८ पेजमा

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(चार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

शान्तिक्षेत्रको प्रस्ताव अब ब्युँताउने क्षण आयो

सुरेन्द्र ढकाल

संसदमा एमसीसी पेस भएपछि त्यसको व्याख्यात्मक टिप्पणीको क्रममा माओवादी एक पटमूर्ख सांसदले नेपालको आन्तरिक राजनीतिमा जसरी शक्तिराष्ट्रहरूको हस्तक्षेप र दबाब बढ्दैछ, त्यसलाई मत्थर गर्न शान्तिक्षेत्रको प्रस्ताव ब्युँताउनुपर्ने जिकिर गरे । आफू र आफ्नो दललाई मात्रै अग्रगामी देख्ने विदेशीको हथौडाहरूले २०४७ सालमा भारतको प्रत्यक्ष संलग्नतामा संसदीय बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरेपछि राजा वीरेन्द्रले राखेको र अमेरिका चीन, बेलायत, फ्रान्स, जापान र जर्मनीलगायत विश्वका ११६ राष्ट्रले औपचारिक मान्यता दिएको शान्तिक्षेत्रको प्रस्तावलाई भारतको इसारामा रद्दीको टोकरीमा फालेका थिए । अहिले यी विदेशीका कुकुरहरू हामीले शान्तिक्षेत्र फिर्ता लिएका छैनौं भन्दै आफूलाई पुनः राष्ट्रवादी देखाउने प्रपञ्च गर्दैछन् ।

नेकपा मालेको नेपाल चिन्तनले यस शान्तिक्षेत्र प्रस्तावलाई ब्युँताउनुपर्छ भन्ने औपचारिक घोषणा आफ्नो दस्तावेदमा उल्लेख गर्दै आउँदा यी गिद्दहरूको नजर कहाँ थियो । राष्ट्रघाती महाकाली सन्धिको षडयन्त्रपूर्वक गरिएको अनुमोदनको कारण एमालेबाट बाहिर आई पुनर्स्थापित भएको नेकपा मालेलाई राष्ट्रिय राजनीतिबाट एक्ल्याउनेहरू अहिले शान्तिक्षेत्रको प्रस्तावको वकालत गर्दैछन् ।

हुन त जनता भेडा भएपछि जे गर्दा पनि हुने रहेछ । गणेशमानले यसै भेडा भनेका होइन रहेछन् । सन् १९६२ को युद्धमा चीनसँग हारेपछि भारत आफ्नो हरूवा अनुहार कसरी उजिल्याउने भनेर सोच्दै थियो । नेहरूको पराजित मनस्थिति र उनको मृत्यु, लालबहादुर शास्त्रीको अल्प प्रधानमन्त्रित्वकालको कारण भारत आफ्नो योजनामा अघि बढ्न सकेन । जब नेहरूपुत्री इन्दिरा भारतको सत्तामा आइन् उनले असंलग्नता परित्याग गरी तत्कालिन सोभियत संघसँग २० वर्षे सैनिक सम्झौता गरिन् र त्यसैको बलमा सन् १९७० को दशकको शुरुवातसँगै पाकिस्तानलाई टुक्र्याई स्वतन्त्र बंगलादेश बनाउने, सिक्किमलाई भारतमा विलय गराउने अनि नेपाललाई पनि सिक्किम जस्तै गरी भारतमा गाभ्ने योजनाअनुरूप दिनदहाडै नेपालको हरिहरपुरमा आक्रमण, लुटपाट र बलात्कार गर्ने जस्तै कार्यहरू भारतीय सैनिकहरूले गरेपछि भारतलाई अन्तर्राष्ट्रिय रूपमै एक्लाउन राजा वीरेन्द्रले विश्वसामू नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव राखेको थिए । यसको पक्षमा विश्वका ११६ राष्ट्र देखिएपछि भारत हच्किएको थियो । तर २०४७ पछि जसरी नेपालको परराष्ट्र नीतिमा विचलन आइरहेको छ, त्यसले के इंगित गर्दछ भने अब नेपालको स्वतन्त्रता पुनः खतरामा आइपुगेको छ ।

जसरी चीनले कानमा तेल हालेर बस्दा भारतले पाकिस्तान टुक्र्याई सिक्किम खायो, एमसीसीको कारण नेपालको विषयमा चीन पुनः कानमा तेल हालेर बस्ने अवस्थामा पुगेको छ । हिजो भारतले नेपालमा आर्थिक नाकाबन्दी गर्दा त्यसको खुलेर प्रतिकार गर्ने चीन नेपालको असलग्न परराष्ट्र नीतिको दुरुपयोग जसरी सत्तारुढ दलले गरिराखेका छन् त्यसबाट हैरान भएको छ ।

अब नेपालमा राष्ट्रवादी महाक्रान्ति नहुने हो र शान्तिक्षेत्र ब्युँताउन नलाग्ने हो भने चीनको नेपालसँगको निष्क्रिय कुटनीतिको कारण युक्रेनमाथि रुसको जस्तै नेपालमाथि भारत आक्रमण हुन सक्छ यसको संकेत भारतीय सेना जनरलले दिइसकेका छन् । भारतले नेपाल खाँदा अब विचरा भन्ने कोही पनि राष्ट्र नहुने अवस्था सिर्जना भएको छ । अब देश जोगाउने हो भने शान्तिक्षेत्रको प्रस्ताव ब्युँताउनुपर्छ ।

INDIAN EXPRESS

Birendra moots 'peace zone' proposal again

New Delhi cold to move

More banking credit for 20-point plan

RSS issue will have to be 'settled soon'

Confusion in US over Shahi's statement

Furore in Corporation over notice to Express

U.S. endorses 'zone of peace' in Nepal

Reagan welcomes King Birendra to White House.

सम्पादकीय

प्रेम र सद्भावको पर्व

पछिल्ला दिनमा होलीको उत्सव मनाउने शैली विकृत र अश्लील बन्दै गएको छ । होली उदार हृदयका साथ मनाउने गरिन्छ । यसमा प्रेम, सद्भाव, आदर्श, आदर र संस्कारका कुराहरू रहेको छ । अहिले होली मनाउने क्रममा विभिन्न अप्रिय घटनाहरू हुने गरेको पनि समाचार आउँछ । होलीमा रंग लगाउने र खानपिन लगायतको कार्यमा भए गरेको जबरजस्ती लगायतका विभिन्न विकृति र अश्लीलताले होलीको महत्वमा कमी ल्याउने काम गरेको छ । यसले होलीको उद्देश्य र सन्देशलाई समेत ओझेलमा पार्न खोज्दै छ । नेपालीहरूको महान चाड होली (फागुपूर्णिमा) गत २६ फागुनदेखि सुरू भएर आज समापन हुँदै छ । फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म आठ दिन होली पर्व हर्षोल्लासका साथ मनाउने परम्परा छ । नेपालका अधिकांश चाडपर्वहरू विभिन्न जाति, क्षेत्र तथा समुदायले मौलिक रूपमा मनाउँछन् भने केही चाडपर्वहरू राज्यको अनिवार्य सहभागितामा मनाइन्छ । यसरी राज्यको अनिवार्य सहभागितामा मनाइने चाडमध्येको महत्वपूर्ण चाड हो, 'होली ।'

फागुन शुक्ल अष्टमीका दिन शुभसाइत पारेर राजधानी काठमाडौं वसन्तपुरस्थित हनुमानढोकामा चीर ठड्याएसँगै होली पर्व विधिवत रूपमा सुरू हुन्छ । चीर ठड्याएसँगै हनुमानढोका दरबार क्षेत्रमा नेपाली सेनाको गुरूजुको पल्टनले तोप पड्काएर हर्षबढाइँ गरी अबिर छर्किई होली पर्वको स्वागत गर्ने प्रचलन छ । अन्तिम अर्थात फागु पूर्णिमाको रात चीर ढालिएसँगै होली पर्व समापन गरिन्छ । होली समापनको दिन मीठा, मीठा परिकार खाने, विभिन्न मनोरञ्जन गर्ने प्रचलन छ । नेपालको तराई क्षेत्रमा भने फागुपूर्णिमाको भोलिपल्ट मात्रै होलीको उत्सव मनाउने प्रचलन छ । फागुपूर्णिमाको दिन कतिपयको निराहर व्रत तथा पूजा आराधना हुने भएकोले तराईमा भोलिपल्ट मात्रै उत्सव मनाउने प्रचलन भएको हुनसक्छ । त्यसैले राज्यले पनि तराई क्षेत्रमा भोलिपल्ट मात्रै होलीको उपलक्ष्यमा सार्वजनिक बिदा दिने प्रचलन बसालेको छ । होलीको उत्सव पहाडमा भन्दा तराईमा अझ धुमधामका साथ मनाउने प्रचलन छ ।

पौराणिक कथनअनुसार हिरण्यकश्यपुले आफ्नै छोरा प्रह्लादलाई मार्न आफ्नी बहिनी होलिकाको काखमा बसाली आगो लगाइदिएका थिए । तर आगोले विष्णुका भक्त प्रह्लादलाई छोएन । बरू होलिका नै भस्म भइन् । यसरी होलिकारूपी पापवृत्ति जलेर भस्म भएको सम्झनामा प्रत्येक वर्ष फाल्गुण शुक्लपूर्णिमाको रातमा होलिकाको प्रतीक चीरदाह गरेसँगै होली पर्व समापन गरिन्छ । वैदिक सनातन अर्थात हिन्दू धर्ममा चार वर्णको व्यवस्था गरिएको छ । यी चार वटै वर्णका आआफ्ना मौलिक चाडपर्वहरू छन् । पर्वपरम्परा नामक ग्रन्थमा उल्लेख भए अनुसार ब्राह्मणहरूको सबैभन्दा महत्वपूर्ण जनैपूर्णिमा अर्थात रक्षाबन्धन (राखी) हो । क्षेत्रीका लागि सबैभन्दा महत्वपूर्ण चाड बडादसैं हो । वैश्यहरूका लागि सबैभन्दा ठूलो चाड लक्ष्मीपूजा हो । त्यसैगरी शुद्रहरूका लागि सबैभन्दा ठूलो चाड होली हो । जनैपूर्णिमा दुई दिन, बडादसैं १० दिन, लक्ष्मीपूजा पाँच दिन र होली आठ दिन मनाउने प्रचलन छ ।

होली वसन्तको चाड, रंगहरूको पर्व, प्रेमको उत्सव आदि नामले परिचित रहेको छ । होली पर्वको धेरै महत्वहरू रहेको छ । मूख्यतः यो वसन्तको सुरूआतको रूपमा मनाउने गरिन्छ । १७औं शताब्दीका साहित्यहरूमा होलीलाई कृषि उत्सवको रूपमा पहिचान गरेको पाइन्छ । होलीले जाडोको अन्त्य, वसन्तको आगमन, विच्छेदित सम्बन्धहरूलाई नवीकरण गर्ने, द्वन्द्वको अन्त्य गर्ने, आफूलाई भावनात्मक अशुद्धताबाट छुटाउने र प्रेमपूर्ण सम्बन्धको सुरूआत गर्ने दिनको संकेत गर्दछ । होलीले प्रेम र सद्भावको सन्देश प्रवाह गर्ने गर्छ ।

होलीमा खानपिन गर्ने हाम्रो परम्परा हो । तर, आफू होसमै रहन नसक्ने गरी नशालु पदार्थको सेवन गर्नु हाम्रा कुनै चाडपर्वले सिकाउँदैन । होली मनाउन नशालु पदार्थ सेवन गर्ने पर्दैन । सेवन गर्नै परेमा सरकारले सेवन गर्न छुट दिएको नशालु पदार्थ सिमित मात्रामा सेवन गरेर होली मनाउन उपयुक्त हुन्छ । यसले होलीको आकर्षण र महत्वसमेत जोगाइराख्न र होलीलाई विकृतिको पर्व बन्नबाट जोगाउन मद्दत पुग्नेछ । अहिले होलीले दिने सन्देश ग्रहण गर्नु र होलीको महत्व बुझ्नुभन्दा होलीलाई मादक पदार्थ सेवन गर्न छुट पाएको दिनजस्तो लिने गरेको पाइन्छ । जुन कार्य होलीले दिने सन्देश विपरीत रहेको छ । यस्ता क्रियाकलाप हाम्रो धर्म र संस्कृति विपरीत मात्र होइन हाम्रो संस्कारको बरखिलापमा समेत रहेको छ ।

आरोप प्रत्यारोपमा रमाएको राजनीति

गोविन्द विक





सरकारले स्थानीय तहको चुनाव घोषणा गरेसँगै राजनीतिक दलका नेताहरू देश दौडाहामा छन् । विशेषगरी ठूला राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादीलगायतका दलहरू विभिन्न स्थानमा गएर राजनीतिक भाषण दिइरहेका छन् । अहिले सत्ता गठबन्धनभित्रका दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी, एकिकृत समाजवादी, जनता समाजवादी पार्टी एकापट्टि छन् भने प्रमुख प्रतिपक्ष दल नेकपा एमाले अर्कापट्टि छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली विशेष गरी एकिकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपालप्रति कटाक्ष गरिरहेका छन् भने एकिकृत समाजवादी पार्टीका नेता माधव नेपाल पनि ओलीप्रति निम्छरा शब्द प्रयोग गरेर गालीगलोजमा उत्रिरहेका छन् । एकअर्काप्रति प्रतिशोधको भावनाले एक आपसमा दोषहरू देखाउनु राजनीतिक अनुशासनहिनताभन्दा केही पनि हुन सक्दैन । राष्ट्रिय पार्टीको रुपमा स्थापित ठूला दलहरूभित्रको रवैयाले आम नेपाली समाजमा राजनीतिक इमानदारिताको खडेरी बढदै गएको देखिन्छ । नेताहरू हुँदाखाने जनता सर्वहारा वर्गको समस्या र पीडाहरूलाई न्यूनिकरण गर्ने ठोस योजनासहित जनताका अगाडि आउँछन् भन्ने अपेक्षा सबैमा थियो र छ पनि । तर ठूला दलका नेताहरू जनताको समस्या निराकरणमा बोल्ने भन्दा पनि आफूलाई मन नपर्ने नेताको खोइरो खन्नमा व्यस्त छन् ।

जनता भेला गरेर रिस उठेको नेतालाई गाली गर्ने प्रवृत्ति नेपाली राजनीतिमा मौलाएको कसैबाट पनि छिपेको छैन । जनताले आगामी चुनावमा मत दिनका लागि विवेक नपुऱ्याए हामी सर्वसाधारण जनताले दुःख पाउने दिनहरू लम्बिदै जाने पक्का नै छ । जनसरोकारका विषयलाई प्रमुख प्राथमिकतामा राखेर काम गरिरहने हो भने कुनै पनि दल कुनै पनि गठबन्धनको रडाको गर्नै पर्दैन । यहाँ त जनसरोकारका विषयमा भन्दा पनि आफ्नै सरोकारका विषय प्रमुख हुने अवस्था दलहरूमा रहुन्जेल राजनीतिक शुद्धीकरणको अपेक्षा राख्नु मुर्खता मात्र हुनेछ ।

ठूला राजनीतिक दलहरूले जनसरोकार विषयमा चुनावी भाषणको मुद्दा बनाए पनि उनीहरूले व्यवहारिक रुपमा जनताका समस्यामा काम गर्ने माहोल बनाएका थिएनन् र छैनन् पनि । आफ्नै स्वार्थ र पार्टीको स्वार्थभित्र दलका नेताहरू रुमालिदा जनसरोकारका विषय जहिले पनि ओझेलमा परिरहेको कुरा निश्चित छ । आरोप र प्रत्यारोपमा रमाएर मत जितिन्छ भन्ने दलका नेताहरूले चुनावमा पैसाको खोलो बगाउने सपना बुन्न पछि पर्दैनन् ।

पैसाले चुनाव जितिन्छ भन्ने मानसिकताबाट ग्रसित राजनीतिक दलका नेताहरू जनताका दुःख र पीडामा कहिलै संवेदनशिल भएनन् । बहुमतको सत्ता सम्हाल्दा पनि जनताको समस्या प्रमुख भएनन् । फेरि पनि चुनावमा हाम्रै हालीमुहाली हुन्छ भन्ने भ्रम छर्नमा ठूला दल व्यस्त छन् । जनता र मुलुकको समृद्धिको सपना सपना मात्रै हुने कुरामा दलहरूको व्यवहारले प्रमाणित गरिरहेको छ । दलका नेताहरूलाई हामी एक अर्काको बुइँ नचढी सत्तामा पुग्न सकिन्न भन्ने भएर नै विभिन्न वहाना खोजिरहेका छन् ।

कोही गठबन्धनको योजनामा व्यस्त छन् भने कोही हामीभन्दा अरु दलहरूलाई जनताले सडकमा पुऱ्याइदिनेछन् भन्दै हिँड्दैछन् । दलहरूको आरोप प्रत्यारोप अभियानमा जनताले चासो कम दिनुपर्ने अवस्था छ । एक नेताले अर्का नेताको कटाक्ष गर्दा ताली बजाउने जनताले कस्तो समृद्धिको माग गर्छ भन्ने प्रश्न गर्न सकिन्छ । एक नेताले अर्का नेताको गाली गर्दै हिँड्दा हाँसेर साथ दिनेहरूको भीड जबसम्म बढ्दै जान्छ तबसम्म हामीले यी नेताबाट चाहेको परिवर्तन अकासको फल जस्तै हुने पक्का नै छ ।

मैले देखेको २०० औं विश्व पर्यटकीय स्थल

इजरायलको तेल अभिभ शहर

सुरेन्द्र ढकाल

१० जुन २०१५ मा म सान पाओलो ब्राजिलबाट जर्मनी हुँदै काठमाडौं फर्किएपछि केही महिनाको लागि मेरो विदेश भ्रमणले विश्राम लियो । मित्र सुसानासँग मित्रता गाढा हुँदै गएको थियो भने अर्कोतर्फ मित्र प्रल्हाद प्रसाईं इजरायलको लागि राजदुत भएर जानुभएको थियो ।

पहिले पनि म पश्चिम वर्लिनबाट तात्कालिन सोभियत संघ जाँदा मस्कोको नेपाली दुतावासमा प्रसाईंजी प्रथम सचिव हुनुहुन्थ्यो भन्ने कुरा मैले पहिले लेखिसके ।

अर्कोतर्फ अर्की एक नेपाली मित्र मीना रेग्मी साइप्रस पुगेकी थिइन् । मैले अब पुनः जर्मनी गएँ भने त्यहाँबाट फर्कंदा इजरायलबाट साइप्रस र त्यहाँबाट दोहा हुँदै काठमाडौं फर्कने योजना बनाइरहेको थिएँ । त्यही साल दशैंमा सुसाना बानेश्वरस्थित मेरो घरमा आएर बसेकी थिइन् र उनले मलाई मार्च २०१६ को दोस्रो हप्तामा जर्मनी आउन आग्रह गरिन् ।

उनले यस बखत म जर्मनी जाँदा त्यहाँबाट स्वीडेनका सामुद्री किनारस्थित एक गाउँमा बस्ने योजना बनाएकी रहिछन् । मैले पनि त्यसै अवसर पारेर इजरायल पनि घुम्ने योजना बनाइ मित्र प्रसाईंजीलाई खबर गरेपश्चात् उहाँले मलाई औपचारिक निम्ता पठाई सहयोग गर्नुभयो । इजरायलको भिसा लिन गारो परेन ।

मसँग सेन्गेनको ५ वर्षको भीसा भएको हुँदा साइप्रसको लागि पनि काम लाग्ने रहेछ । सबै तारतम्मे मिलाएपछि मार्च १२ २०१६ का दिन म जर्मनीतर्फ उडें । दुई दिन सुसानाको घर फ्रन्कफर्टमा बसी मार्च १५ को दिन उनकै कारमा छोरी लिलीसहित हामी जर्मनीको उत्तरी सामुद्रिक किनार रोस्टोक पुग्यौं अनि त्यहाँबाट फेर्री चडेर स्वीडेनको ट्रेलेवोर्गमा उत्रियौं । त्यहाँ एक मित्रको घर १५ दिनसम्म भाडामा लिई दिनभर समुद्री किनारको बालुवामा आराम अनि पौडदै गरी बितायौं । तत्पश्चात् मार्च २९ को दिन जर्मनी फर्की ३० तारिखको दिन बिहानै फ्रान्कफर्टबाट तेल अभिभको लागि उडें ।

तेल अभिभ

इजरायलको राजधानी तेल अभिभको वेन गोरयन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नलाग्दा विमानस्थल वरपर रहेको हरियाली नै मेरा लागि पहिलो आकर्षणको वस्तु बन्न पुग्यो ।

विमानस्थलबाट करिब ४० किलोमिटरको दूरीमा तेल अभिभको मुख्य सहर र त्यहाँभन्दा २० किलोमिटर पारि हेरजेलिया भन्ने नगरमा नेपाली राजदूतको निवासस्थल रहेछ । प्रसाईंजीले मलाई लिन विमानस्थलमा कार पठाइदिनु भएको रहेछ । जाम नभएको बेलामा २० मिनेटमा नै विमानस्थलबाट सहरबाट पुगिंदो रहेछ तर म पुगेको समय बेलुकी ५ बजे कार्यालय छुट्ने बेला भएको हुँदा बाटो निकै जाम थियो । तर त्यसको मैले राम्रो सदुपयोग गरें । बाटो छेउछाउको आकर्षक हरियालीलाई आफ्नो क्यामेरामा कैद गर्न पाएँ । विमानस्थलबाट सहर आइपुग्दा बोटविरुवा फूल नभएको ठाउँ विरलै देखिंदो रहेछ ।

३० मार्चको बेलुकी म राजदुत एवं मेरो अनन्य मित्र महामहिम प्रल्हाद प्रसाईंको निवासस्थान पुगें । ढोकैमा नेपाली राष्ट्रिय झन्डा फहराएको र दुतावास पूरै फूल तथा बिरुवाहरूले ढाकिएको रहेछ । नेपाली दुतावासलाई फूलले सिंगार्न भाउजु सीता प्रसाईंको ठूलो मेहनत परेको थाहा लाग्यो । भोलिपल्ट बिहान प्रल्हादजी र म मर्निङवाक गर्न निस्कियौं । यस अवसरमा मैले संसारमा कहीं नदेखेको दुई कुरा देखें ।

पहिलो भनेको सहरको पेटीमा रहेका रुख र बोटविरुवासम्म पानीको पाइप पुऱ्याइएको हुँदोरहेछ र ती पाइपहरूबाट स्वचालित किसिमबाट पानीका थोपाहरू झरिरहँदा रहेछन् जस्ले गर्दा बोटविरुवाहरू पानी नपाई मर्ने हुँदो रहेनछ ।

अर्को कुरा भनेको ठाउँठाउँमा हरियाली पार्क हुने रहेछ र ती खुला पार्कहरूमा निशुल्क रुपमा जीम गर्ने यन्त्रहरू राखिएका हुँदा रहेछन् । मैले युरोपको विभिन्न सहरहरू भ्रमण गर्दा यस्ता पार्कहरूमा खाली बालबालिकाहरूका लागि पिङ चिप्लेटी आदि भएको देख्दथें ।

युवायुवती एवं प्रौढहरूको लागि जिम समेतको सुविधा भएको यस्तो पार्क कहिले देखेको थिइनँ । उक्त पार्क पुगेपछि हामी दुवैले जिम गऱ्यौं । गरे के हुँदो रहेनछ भन्ने कुराको राम्रो उदाहरण देख्न पाइयो । अनि आफ्नो देश संसारको जलभण्डार तर खानेपानी र बिजुलीको हाहाकार, यहाँको भद्रगोल, शासन सञ्चालन गर्ने असक्षम राजनीतिक दल र तिनीहरूका नेताहरू अनि अचेतन जनताहरू सम्झँदा कस्तो देशमा जन्म लिइएछ भनेर कल्पिनबाहेक केही गर्न सकिएन ।

समुद्रको पानीलाई नुनमुक्त गरी प्रयोग योग्य बनाएर समेत मरुभूमिमा खानेपानी र सिंचाइको राम्रो व्यवस्था गर्न सक्ने त्यहाँको सरकार, राजनीतिक दल र नेताहरू धन्य रहेछन् भन्ने लाग्यो ।

विहान भर प्रसाईंजीसंगै तेल अभिभ शहर घुमघाम गरेपछि हामी राजदुत निवासमा आइ खाना खायौं र त्यस दिनको बिहान तेल अभिभ शहरको एक भाग हेरेर बित्यो ।

तेल अभिभ नगरछेउको हरियाली



तेल अभिभको नगर हरियाली जोगाउन गरेको पाइप सिंचाइ

भूमध्यसागरको पूर्वमा अवस्थित तेल अभिभ सहर



आकाशबाट हेर्दा तेल अभिभ

तेल अभिभ सहरको सार्वजनिक जिम स्टलमा मित्र प्रसाईंजी

स्वीडेनको समुद्री तटमा मित्र सुसानाको साथमा सुरेन्द्र

तेज अभिभ नेपाली दूताबासमा राजदूत मित्र प्रसाईंजीका साथ सुरेन्द्र

कथा

बिदाको सपना

यामदास घायल "सन्तलाल"

प्रत्येक दुईहप्ताको कामपछि तेस्रो हप्ता आरामको लागि समय दिने मेरो कम्पनीले यो पटक पनि नियम अनुसार नै मलाई छुट्टि दिएको थियो । आकासले पनि आफ्ना नाङ्गा शरीरभरी दिनभरि सूर्यलाई नचाएर लागेको थकानलाई मेटाउनका लागि सुस्ताएको थियो मसङ्गै रातको छहारीमा । जसरी म सुस्ताइरहेको थिएँ आफ्ना दिनभरिको पसिनाले भिजेको र कामको दुखाईले थिचेको मेरो शरीरलाई लम्पसार फालेर ।

मोबाईलले एक्कासि जोड्जोड्ले चिच्याएर बिहान भएको सङ्केत दियो । मलाई भने मोबाईल चिच्याएकोमा रिस उठ्यो र हत्तपत्त मोबाईलको घाँटी थिचिदिएँ- 'बिहान भएको थाहा पाउने तर आज बिदा रहेको थाहा नपाउने । त्यसलाई थाहै छ नि बिदाको दिन अबेरसम्म सुत्छु भन्ने कुरा ।' मनमनै भुनभुनाउदै पुनः बिछ्यौनमा आफ्नो शरीरलाई फालिदिएँ ।

कच्चिबाटोमा कहिले भित्तामा जोतिदै त कहिले छेउतिर ढल्कदै उकालो लाग्दै थियो बस । कुनै चाडबाडको अवसर पारेर जोड्ले निङ्गार पिई होस गुमाएको बटुवा जस्तै । यात्र गरिरहेकाहरू मध्ये धेरैजसो त आईमाईहरू थिए । धेरैले काखमा आफ्नै अनुहारका सानीबच्ची च्यापेका थिए । अनि छेवैमा उभिएका थिए तिनै अनुहारमा मुसार्दै तिनीहरूकै लोग्नेहरू । बीचरीहरू बसले छेउ र भित्त्तामा पछार्दा डरले चिच्याउथे र गाली गर्थे चालकलाई । बिचरा चालक सरकारलाई दोस लागाउँदै भनेको सुनिन्थ्यो- सरकारले पिच गरिदिए त यतिका जोखिम युक्त यात्र गर्नै पर्थेननी । तर बस भने हल्लन नछोडी उकालोबाटोमा बल लगाउदै चढ्दै थियो ।

बसका झ्यालबाट बहिराको दृश्यहरूमा आफ्ना मनहरू डुलाइरहेँ । जङ्गलको बीचबाटो हुँदै उकालो चढ्दै थियो बस । सडकको छेवैमा उभिएका कति रुखहरू त मोटोरको धुँवा र सडकको धुलो माटोले कुरुप देखिन्थे नचिनिने गरि । अलिपर तिरका अम्बाका बोटहरू भने सुन्दर आफ्ना शरीरलाई प्रदर्सन गर्दै उभिएका थिए । कति किसोरहरू त कल्पनामा हराँउदा हुन् ती अम्बाका बोट देखेर किनकि तिनीहरू कुनै नाङ्गा युवतीभन्दा कम थिएन । सल्लक परेका जिउ, अँझ अनि झ्याम्मा परेका पातहरू अनि तिनै शरीरमा उठेको भाग कुनै युबतिको छातीभन्दा कम थिएन । त्यसैले त तिनै उफ्राईको यात्रलाई पनि सहज पारिदिन्थे युवा किसोरहरूलाई । तर किशोरीहरूलाई भने डाहा र रिस एकै चोटि लाग्थ्यो होला । अम्बाको बोटप्रति ।

आमाले गुन्द्रुक र फापारको रोटि पोको पारेर पठाउनु भएको थियो । पेटले आमाले पठाउनु भएको खाजाको सम्झना दिलाई दिईहाल्यो । सिटमा पनि म एक्लै थिएँ त्यो पनि अन्तिम सिट । त्यसैले सजिलो महसुस गरेँ र झोलाको बाहिरी भागमा रहेको गुन्द्रुक र रोटिलाई निकालेर खाना थालेँ क्वाप्पा क्वाप्पा" बस भने आफ्नै रफ्तार र हल्लाईमा उकालो चढ्दै थियो ।

आधा जङ्गलतिर आई पुगेको हुनुपर्छ । एक्कासि केही पड्केको ठूलो आवाज आयो । यात्रमा हुनेहरू सबै डरले चिच्याए । चालक र सहचालक पनि डराए जस्तो देखिन्थ्यो । बस भने बिस्तारै भित्तातिर ढल्कियो । सबैजना ओर्लिए । चालकले बसको टाएर पड्केको र आफूहरूसँग थप नरहेकोले अब अघि जान नसक्ने जानकारी दिए । सबैजना एक अर्काका मुख हेराहेर गर्न थाले । कसैको मुखबाट पनि केही शब्द निस्केन । ती जङ्गल भरी उभिएका बोट र मान्छेहरू उस्तै देखिन्थे टोलाएका हल्चलसम्म नगरी । केहीछिनको टोलाई पछि भने बिस्तारै हल्ला गर्न थाले ती मान्छेहरू । तर चुपचाप सुनिरहे र हेरिरहे तिनै अम्बाका बोटहरूले ती मान्छेहरूलाई । अम्बाका बोटहरूले मान्छेका मुहारहरू प्रष्ट हेर्न नपाउदै सबै आफ्ना आफ्ना बाटो लागे ।

साँझ पर्दै थियो भने म लम्क्दै थिएँ । बसमा सङ्गै यात्र गर्नेमा कोही पनि चिनेकाहरू थिएनन् । चिनून् पनि कसरी? म कहाको मान्छे, अनि तिनीहरू कहाका? म साथीले बोलाएको कारण साथीको बिहेमा जाँदै थिएँ । नौलो ठाउँ नौलो मान्छे । मैले साथीलाई सबै जानकारी दिएर फोन गरेको थिएँ । साथीले सबैजना ब्यस्ता भएकोले गाउँकै अरु दुई भाइहरूलाई लिन पठाएकोले बिस्तारै सडकै सडक हिन्दै आऊ भनेकोले म अलिमाथिसम्म जाँदै थिएँ ।

साँझ झम्मक परेको थियो । कोही पनि केटोहरूले मेरो नाम लिएर आएनन् । केही किसोरहरू त भेटेँ तर सोद्धा उल्टै झर्केर ओरालो झरेका थिए । त्यसैले चिन्तित हुँदै बरको जरामा आफ्नो झोला अढ्याएर अढेस लगाई सोचिरहेँ । मोबाईलमा ब्याट्रिसकेकोले मोबाईल पनि अफ भइसकेको थियो । नजिकै कतै घर भेटिए बास बस्ने र भोलि सोध्दै जाने निर्नय बनाई चारै तिरा हेर्दै थिएँ । पछाडिबाट सुमुधुर आवाजमा कसैले मलाई दाइ भन्दै सम्बोधन गरेर बोलाएको आवाज मेरो कानमा ठोकियो । महिला अवाजलाई पूरा आफ्नो ज्ञानेन्द्रयामा पुर्याउन नपाउदै मैले पछाडि फर्केर हेर्ें । एउटी आधिबैसे आईमाई उभिएकी थिई मेरीसामु । ढुङ्गा खोज्दा देउता मिले झैँ मैले सहयोग पाउने आसाले साथीको नाम र ठेगाना दिएँ र सबै कुरा प्रष्ट भनेँ ।

साथीको ठेगाना र नाम थाहा नभएको जानाकरी सङ्गै यता नजिक कतै बस्ती नरहेको जानकारी पनि दिइन् । र आपात परेकोले अलि टाढा रहेको आफ्नो घरसम्म लगेर बास दिन सक्ने जानाकरी पनि दिइन । मसँग अरु बिक्ल्प पनि त थिएन र पछि लाग्ने निधो गरेँ । उनी अघि अघि लागिन् म पछि पछि लागेँ ।

लगभग १ घन्टा पछि एउटा सुबिधा युक्ता बङ्गलामा आइ पुग्यौँ । अच्चमा लाग्यो । यत्रो जङगलको माझ यस्तो बिकट ठाउँ तर यत्रो महल कसरी? छक्क परेँ म । पत्याउन गाह्रो थियो तर पनि नपत्याई धर थिएन किनकि आफू तिनै बङ्गलाको मुलद्वारमा उभिएको थिएँ । भित्र पस्न अनुरोध गरिन् । भित्र गएँ । अच्चमा सुननै सुनले पोतिएका भित्ता थियो । कोठाहरू कति सुगन्धित सबैबाट विभिन्न जातका फुलहरूका बासना आउथ्यो । म त छक्क परेँ । आफैले आफैलाई विश्वास गर्न सकिन तर पनि म त्यही उभिएको थिएँ । मैले उनीलाई हेरेँ तर उनी त्यहाँ थिइन् । अघि सङ्गै उभिएकी युवती आफूसङ्गै नपाँउदा छक्क परेँ । तैपनि अँझै भित्र गएँ उनी त मभन्दा अगाडि नै भित्र गइसकेकिरहेछे झन मलाई अच्चम तुल्यायो । उनी भित्र टेबलै भरी खाने कुरा राखेर पर्खिरहेकिरहेछिन् । गएँ र टेबलमा बसेर खाना थालेँ । त्यही बेला उनीले आफ्नो जानकारी दिई ।

म तिम्रै साथीको गाउँकै मैचा हुँ । नेवारीकि छोरी । म यहाँ बस्ना थालेको आजैबाट हो । योभन्दा अघि म तिम्रो साथीकै गाउँमा बस्थेँ । त्यहाँ बस्दा हिजोमात्र मेरो लोग्नेको बिदेशबाट लास आयो । उनैको मेहनतले यो अनकान्टार ठाउँमा मैले यो महल ठाडाएको थिएँ ।

उनले आफ्नो सबै जानकारी दिइसक्दासम्म मैले आफ्नो भोक मेटाइसकेको थिएँ । उनले सुत्नको लागि बिछ्यौन देखाई । सुनै सुनले सजिएको बिछ्यौन थियो । सबैबाट विभिन्न थरिको सुभास आउथ्यो । बिस्तारै बिछ्यौनामा पल्टिएँ । तर बिछ्यौनमा पल्टने बितिकै म एक्कासि हावामा फिलिङ्गिदै आकासबाट बादलहुँदै तल खसेँ । तब पो एक्कासि ब्यूँझिएँ र जुरुक्कै उठेछु । आफ्नै अगाडिको भित्तामा टाँसेको ऐनाले मलाई मेरै भखरै उठेको अँध्यारो मुहार देखाइरहेको थियो ।

पछि फोन गरेर सोधेको त त्यो केटीको नाम नै मेरै साथीको बहिनीको नाम रहेछ । साउदीमा काम गर्ने क्रममा दुर्घटनामा परि उनको श्रीमानको मृत्यु भएको खबर सुनेर हिजो बेलुका बेहोस भएकी उनी बिहानी पख दुई बजेतिर मरेकी थिइरे । मेरो सारै मिल्ने बहिनीको साथी जो मलाई एक पटक मुहारै नदेखाई सदाको लागि टाढा गइछे । उनको आत्मालाई चीर शान्तिको कामना गर्दैमा उठे ।

समीक्षा

सीमाविद्को पुस्तक आठ भाषामा



सीमाविद् बुद्धिनारायण श्रेष्ठको 'इन्टरनेशनल बाउन्ड्रीज अफ नेपाल' नामक पुस्तक आठ भाषामा हालै प्रकाशित भएको छ । सन् २०१९ मा युरोप लातभियाको ल्याम्बर्ट एकेडमिक पब्लिशिङले प्रकाशित गरेको अंग्रेजी लिपिको पुस्तक अहिले आठ भाषा (फ्रेन्च, रुसी, जर्मन, डच, इटालियन, स्पानिस, पोर्चुगिज र पोलिस) मा अनुवाद गरी त्यही शैक्षिक संस्थाले हालै प्रकाशन गरेको छ । पुस्तकको प्राक्कथन इन्टरनेशनल बाउन्ड्री रिसर्च युनिटका पूर्वनिर्देशक तथा डरहम विश्वविद्यालय बेलायतका प्रोफेसर मार्टिन प्राटले लेखेका छन् ।

यस पुस्तकमा अन्तर्राष्ट्रिय सीमा सिद्धान्त, सीमा निर्धारणका चरण, सीमा विवाद हुने कारण, विश्वका सीमा विवादित मुलुकहरू,यसको समाधानका उपाय, सीमालाई लिएर लडाइँ भएका देशहरू, विश्वका प्रख्यात सीमारेखाहरू, सीमा कूटनीति, आकाश र पातालमा पनि सीमा पुगेको हुन्छ जस्ता सैद्धान्तिक विषयवस्तु वर्णन गरिएका छन् । यसैगरी नेपालको भारत र चीनसँग सीमांकन गर्दाको सिद्धान्तको विवेचना गरिएको छ ।

अनलाइन पढ्न पाइने यस पुस्तकले नेपालको सीमा मामिला अन्तर्राष्ट्रिय क्षेत्रमा जानकारी पुऱ्याएको छ ।नेपालकोलिपुलेक-कालापानी-लिम्पियाधुरा भारतद्वारा अतिक्रमण, लिपुलेक सीमाघाँटीको कानुनसंगत अधिकार, कालापानी मामिला अन्तर्राष्ट्रियकरण, नेपाल र भारतबीच चुच्चे नक्साको लडाइँ र सीमा समस्या सौहार्दपूर्ण तरिकाले आपसी वार्ताद्वारा समाधान हुनसक्ने उपाय व्याख्या गरिएका छन् ।नेपालकोसगरमाथाप्रति चीनले दाबी गर्दा भएको समझदारी, यसको उचाइ विवाद हल भएपछि संयुक्त घोषणाका विवरण, नेपाल र चीनबीच सीमाचिन्ह नं. ५७ मा विवाद रहेकोर चीनको बिआरआइ नेपालको कोरिडोरजस्ता व्यावहारिक विषयवस्तु उल्लेख भएका छन् । नेपालको छिमेकी मुलुकसँग भएका १८ सीमा सन्धि सम्झौताअनुसूचीमा सम्लग्न गरिएका छन् ।

सीमासँग सम्बन्धित बेलायतको इन्टरनेशनल बाउन्ड्री रिसर्च युनिट, अमेरिकाको एशोसियसन फर बोर्डरल्यान्ड स्टडिज, एसिया र अफ्रिकाको बोर्डरल्यान्ड रिसर्च नेटवर्कहरू र डेनमार्कमा मुख्यालय भएको इन्टरनेशलन फेडरेशन अफ सर्भेयर्सजस्ता विश्व संस्थाहरूको सीमासम्बन्धी क्रियाकलाप पनि वर्णन गरिएका छन् । यसैगरी इन्टरनेशलन बोर्डर डिप्लोमेसी, अमेरिका-नर्थ कोरिया टु-मिनेट डिप्लोमेसी, ट्रम्पले विश्व मानचित्रमा नेपालको सीमालाई बेवास्ता गरेको, अशान्त भारत-पाकिस्तान सीमा, भारत-बंगलादेश सीमा सम्झौताको सन्देशजस्ता विश्व परिवेशमा लेखिएको पुस्तक भएको हुनाले सीमा अध्येतालाइ उपयोगी हुने र विभिन्न देशका विद्यालय, महाविद्यालयमा सिमाना सम्बन्धी आधारभूत कोर्श बुकका रुपमा राख्नका निम्ति उपयोगी हुने भएकोले युरोपको प्रकाशन संस्थाले आठ भाषामा प्रकाशित गरेको हुनुपर्छ । यसै पुस्तक नयाँ दिल्लीको निराला पब्लिकेसन्सले दक्षिण एसियाली संस्करणका रुपमा एक महिनाअघि प्रकाशनमा ल्याएको छ ।

बौद्ध-जोरपाटी खण्ड अस्तव्यस्त

काठमाडौं । काठमाडौंको बौद्ध-जोरपाटी सडक खण्डको पिपलबोट क्षेत्रमा पसल खोलेर बसेका लक्ष्मण तिम्सिनाले सडक दुर्घटना नदेखेको दिन बिरलै हुन्छ। उनका स्मृतिमा आँखै अगाडि दैनिक रूपमा भएका दुर्घटना र कैयौं मानिसले ठाउँको ठाउँ ज्यान गुमाएका दृश्य अटेसमटेस बनेर रहेका छन् ।

'एक दुई दुर्घटना नदेखेको त दिन नै हुन्न । कैयौं मानिसले आँखैअगाडि प्राण त्यागेको देखेको छु,' उनी भन्छन्, 'सवारीसधान आपसमा ठोक्किने, हिँडिरहेका मानिसलाई ठक्कर दिने घटना त यो क्षेत्रका लागि सामान्यजस्तै बनिसक्यो ।'

उनको बुझाइमा त्यस क्षेत्रमा दुर्घटनाको मुख्य कारण अव्यवस्थित पार्किङ हो । 'ट्राफिक प्रहरीले कडाइ गर्दा सडकको एक छेउमा मात्र पार्किङ हुन्छ । अरू बेला दोहोरै पार्किङ हुन्छ । पार्किङले साँघुरिएको सडकमा तीव्र गतिमा गाडी गुड्दा दुर्घटना त हुने नै भो नि!' उनी भन्छन् ।

व्यवसायी तिम्सिनाले भनेजस्तै बौद्धदेखि जोरपाटीसम्म जाँदा सडकभरि जथाभाबी पार्किङ देख्न सकिन्छ । ट्राफिक प्रहरीका अनुसार त्यो क्षेत्रमा एकोहोरो पार्किङ त सामान्य नै भएको छ । त्यसलाई ट्राफिक प्रहरीले हटाउन पनि छाडेको छ ।

'एकोहोरो पार्किङको के कुरा भो र, त्यो त बाध्यता नै छ । त्यो पनि गर्न नदिए ट्राफिक व्यवस्थापनमै समस्या छ यो क्षेत्रमा,' महानगरीय ट्राफिक प्रहरी महाशाखाको बौद्ध ट्राफिक एकाइ इन्चार्ज प्रहरी निरीक्षक सुरज खड्का भन्छन्, 'यहाँ दोहोरै पार्किङ गर्ने चलन थियो । अहिले धन्न एकोहोरो नै भए पनि व्यवस्थापन गर्न सकेका छौं ।'

उनको भनाइमा महागरीय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता प्रहरी उपरीक्षक सञ्जीव शर्मा दास पनि सहमत छन् । 'यो अव्यवस्थित पार्किङबारे वडालाई सोध्नुस् । वडाले नै सडकमा सवारीसाधन राख्न दिने भनेपछि हामीले के भन्ने?' उनले भने, 'हामीले त सकेसम्म व्यवस्थापन गर्ने कोसिस गर्ने हो । जब जनप्रतिनिधिमूलक संस्थाले नै व्यवस्थापनको विकल्प नदिएपछि के गर्ने?' ।

प्रहरी निरीक्षक खड्काका अनुसार सो क्षेत्रभरि पर्याप्त मात्रामा 'पेइङ पार्किङ'को व्यवस्था छैन । यहाँका व्यावसायिक भवनहरूमा पनि पार्किङ छैन । जसले गर्दा सडकमै पार्किङ गर्नुपर्ने बाध्यता रहेको उनी बताउँछन् । 'सडकमै जोडिएका धेरै व्यावसायिक भवनमा समेत पार्किङ छैन । अर्को विकल्प नभएपछि सडकमा पार्किङ नगरेर के गर्ने?' उनी भन्छन् ।

सो क्षेत्रमा पुराना घरको बाहुल्य रहेकाले पनि पार्किङको समस्या देखिएको गोकर्णेश्वर नगरपालिकाका प्रमुख सन्तोष चालिसे बताउँछन् । '४०-५० वर्षयता सडकछेमा घर बनिरहेका छन् । ती प्रायः घरमा पार्किङको व्यवस्था भने गरिएको छैन,' उनले भने, 'अब घरै हटाउन मिलेन । जस्तो छ, त्यसैमा काम चलाउने हो ।'

नयाँ बन्ने घरका हकमा भने नक्सा पास हुँदा नै पार्किङ अनिवार्य गरिएको उनले बताए । सो क्षेत्रको सडकमा पार्किङ समस्याको मुख्य कारण सडक क्षेत्रमै भएका सयौं कार्यालय पनि हुन् । 'यहाँ सडक क्षेत्रमै कैयौं बैंकका शाखा छन् । धेरैवटा सरकारी कार्यालय पनि यहीँ नै छन् । तिनका आफ्नै पार्किङ छैनन् । ती बैंक तथा सरकारी कार्यालयमा आउने सेवाग्राही सडकमै पार्किङ गर्छन्,' उनले भने ।

यो समस्या समाधानका लागि तत्काल अपनाउन सक्ने उपाय आफूहरूसँग केही नभएको उनले बताए । त्यस क्षेत्रमा पार्किङको मात्रै समस्या छैन, साँझ पर्न थालेपछि सडकछेउछाउमा 'हाटबजार'कै आभास दिनेगरी ठेला व्यवसायीको भिड लाग्छ । त्यसले पनि सडक सुरक्षामा चुनौती थपिदिएको स्थानीय बताउँछन् ।

'साँझ त हाटबजारै लाग्छ नि,' स्थानीय कृष्णबहादुर तामाङ भन्छन्, 'सडकका दोहोरै ठेला पसलको लाम, त्यसैमा पनि पार्किङ । साँझ परेपछि त सडकको नामनिसानै भेटिन गाह्रो पर्छ ।' ठेलाहरू हटाउन नगरपालिकाले प्रयास गर्दै आए पनि सफल हुन नसकेको गोकर्णेश्वरका नगरप्रमुख चालिसे बताउँछन् ।

उनी भन्छन्, 'सडकका गाडा हटाएर तीन रोपनी जमिन व्यवस्था गरी त्यतै चलाउन भनेका थियौं तर मानेनन् ।' ठेला हटाए आत्महत्या गर्नेसम्मको धम्की आएपछि नगरपालिका पछाडि हटेको उनको भनाइ छ । स्थानीय बासिन्दाहरू पनि सडकमै भइरहेको पार्किङको समस्याबारे आवाज उठाइरहेका छन् ।

'सडकमा यसरी पार्किङ गर्नुभएन, वैकल्पिक व्यवस्था गर्नुपर्‍यो भनेर हामी त रातदिन लागेकै छौं,' स्थानीय तामाङ भन्छन्, 'ट्राफिक प्रहरी, स्थानीय सरकार र गृह मन्त्रालयसम्म पुग्दा पनि यसको निरूपण दिगो उपायबारे सुनुवाइ हुन्न ।' कहिलेकाहीँ ट्राफिक प्रहरी सक्रिय हुने, एकोहोरो पार्किङ हटाउने र केही दिनपछि सेलाउने अनि पुरानै अवस्था दोहोरिने गरेको उनको भनाइ छ ।

नियात्रा

स्मृतिको क्यानभासमा नयाँ रङ–५ (२)

✍ **रामप्रसाद पन्त**

शिक्षाको उर्वर भूमिको रुपमा देहरादूनको नाम लिँदै गर्दा चालक विष्णु केसीले भनेको सम्झन्छु– 'राजीव गान्धी र सञ्जय गान्धीले पनि यहीँका स्कुलमा पढेका हुन् । मेनकाका छोरीहरूले पनि यहीँ पढ्दै छन् । फिल्मी नायक नसरद्दीनका छोरा पनि यहीँ पढ्थे तर अनुशासनहीन काम गरेको हुनाले कलेजबाट निकालियो । कडा छ यहाँको शैक्षिक अनुशासन ।

विष्णु भारतीय नेपाली रहेछन् । नेपाली बोल्दा रहेछन् राम्रै । मैले सोधेँ केसीलाई – 'कति होलान् देहरादूनमा नेपालीभाषी ?' उनले भने– 'देहरादूनमा मात्र आठ लाख, पूरा उत्तराखण्डमा बाह्र लाख ।'

सोचेँ, यस्ता लाख त कति छौँ कति हामी– सिक्किमदेखि सिमलासम्म । तिष्ठादेखि सतलजसम्म । भाषाभाषीको हिसाबले सीमा निर्धारण गर्ने हो भने विशाल नेपाल बन्छ हाम्रो । वास्तवमा हाम्रो जुन सरकारसँग सन्धि भएको थियो, त्यस सरकारको अस्तित्व नै समाप्त भएपछि त सन्धि-सम्झौताहरू पनि संशोधन हुनुपर्ने हो नि ! आशा असम्भव छैन र एउटा विन्दुमा अडिने ठाउँ पनि छ ।

रामपुर माडीमा सिमसार भेटियो । थुप्रै चराचुरुङ्गीहरू देखिए । वन्यजस्तु आरक्ष पनि देखियो तर जन्तु जनावरहरू देखिएनन् । यमुना नदीको पानी नहरमा प्रवाह भइरहेको देख्न पाइयो । यमुना जलसिञ्चित विशाल फाँटको फैलावट देखियो । मैले हेरेर कल्पना गरेँ, चामल खाने आशा त्यागेर हो भने अर्को देहरादून बसाल्न सकिने ठाउँ रहेछ यहाँ । कम रहेछ त देहरादून भ्याली ! पूरै दुई घण्टा गुडेछौँ दून प्रदेशमा ।

यमुना नदी लङ्घनसँगै पोन्टामा सहर हाम्रो नजरमा पऱ्यो । त्यहीँबाट बाटो फाटेर एउटा बाटो उत्तर लाग्यो । सोधेँ, यस पथको गन्तव्य कहाँ होला ?

केसीले भने– 'उ.....माथि अग्लो पहाड देख्दै हुनुहुन्छ नि ! हो, त्यही हो अम्बाला । अम्बालाका लागि १०५ किलोमिटर तय गर्नुपर्दछ । अब हामी यहीँबाट हिमाचल प्रदेशमा प्रवेश गऱ्यौँ ।'

मोहन्डाबाट दूनभ्याली छिर्नका लागि पहाडीपथ प्रयोग गरेजस्तै यसबेला हामीले दुनप्रदेशलाई पछाडि पारेर त्यही पहाडी काखबाट ओरालो पो झर्न थालेछौँ । देहरादून उक्लिँदाको पहाडी रुपरङ्ग र पहिचान उस्तै उस्तै । हो, हाम्रो वीरगन्जबाट हेटौँडा उक्लिदाको भूमि, दाउन्ने पहाडको बाटो र कपिलवस्तुबाट राप्तीपुल पुग्दासम्मको माटो उस्तै उस्तै त हो ।

बस्ती फाँट छाडेर वनपहाडको शून्यतातिर ओरालो लागेसँगै विष्णु केसीले टेप रेकर्ड खोले–

'केटा – धुम् मादल धुम्, म त घरको कान्छो छोरो हुम्
केटी – धुम् मादल धुम्, म त बाउकी कान्छी छारी हुम्
दुवै – गाउनेले गाम्, बजाउनेले बजाम्,
नाच्नेले नाचम्, ताली पिटम् टम ।'

छिपछिप पानी भएको हाम्रै शैवालिक खोलाजस्तै खजुरना खोला भेटियो । तर त्यस खोलाको किनार त्यति सुख्खा र अनुर्वर देखिएन । केही खेतहरू थिए र ती खेतहरू हरियालीपूर्ण थिए । हामी त्यस खोलाको गति पछ्याउँदै अलिकति तल पुग्यौँ र खोलो तरेर उकालो लाग्यौँ ।

दुईचार घुम्ती उक्लने बित्तिकै आइपुग्यो नाहन बजार । बाटो छेउमा यसवन्त सिंहको पूर्णकदको शालिक देखियो । नाहन बजार,नाहन जिल्लाको सदरमुकाम रहेछ । सदरमुकाम भइसकेपछि डाँडैमा भए पनि बस्ती विस्तार हुने नै भयो ।

नाहनबाट सिमला १३० किलोमिटर रहेछ ।

त्यहाँबाट बाटो पुनः ओरालो लाग्दो रहेछ । करिब पन्ध्र मिनेटजति ओर्लेहौँला हामी डाँडा पखेरा हुँदै । तल तल हेर्दा र पारि पारि नजर दौडाउँदा लाग्थ्यो, हामीले निकै उचाइ लिइसकेका रहेछौँ ।

म अनुमान लगाउँदै थिएँ, हामी खजुराना खोलाको किनारैकिनार जति तल ओर्लेका थियौँ, नाहन बजार उक्लिँदा पनि करिब करिब त्यति नै उक्लेका थियौँ भने हामीले भेटेको नाहन बजार देहरादूनकै समकोणमा रहेछ । यसको अर्थ हुन्थ्यो, देहरादून उपत्यकाको उचाइ कम रहेनछ अर्थात् मोहन्डाबाट दूनप्रदेशतिर लाग्दा हामीले निकै उचाइ लिएका रहेछौँ ।

लादुडाँडाको शृङ्खला वरदेखि परसम्म लमतन्न फैलिएको देखियो र त्यसको छाती कोपेर बनाइएको मोटरमार्गको रेखा पनि स्पष्ट देखियो । कारण त्यस पखेरोमा वृक्ष-वनस्पतिको घनत्व थिएन र बाटोको रुपरेखा हेर्दा त्यो बाटो बनेको धेरै वर्ष नभएको झल्को पनि पाइन्थ्यो ।

हामी त्यतैतर्फ तेर्सियौँ ।

बाटोको आयुका बारेमा मैले चालकसँग प्रश्न गरेँ । साँच्चै नै मैले अनुमान गरे अनुसार नै बाटो बनेको पाँच वर्षमात्रै भएको रहेछ ।

दुई लेनको बाटो सुन्दर र सफा थियो । दक्षिणतर्फको दूरस्थ पहाडी दृश्य पनि मनोरम देखिन्थ्यो । हामी आफ्नै उडन्ते गफमा मस्त थियौँ । विष्णु आफ्नो कलात्मक चालमा एकाग्र थिए । त्यसैबेला रामबाबुले कुन्नि के सुरमा चालकसमक्ष एउटा प्रश्न गरे– 'तपाईं कत्तिको राम्रो मान्छे ? धार्मिक कि अधार्मिक ?'

अचम्म लाग्यो, के प्रश्न गरेका होलान् रामबाबुले ! यस्तो पनि कसैलाई सोध्ने प्रश्न हो?– तपाईं कत्तिको राम्रो मान्छे ? कसले भन्ला म नराम्रो मान्छे ? र कसले भन्ला म अधार्मिक ? अधार्मिक कसैले भन्न सक्ला ! त्यो पनि धर्मको अर्थ बुझेको मानिसले भन्दैन । धर्म भनेको त कर्तव्य हो नि ! मानव धर्म, मानव कर्तव्य र समाजसेवा ।

विष्णु केसी पनि समझदार रहेछन् । उनले पनि उसै तरिकाले जवाफ दिए – 'म गाडी चलाउँछु, कमाउँछु र परिवार पाल्छु । चोरेर खाएको छैन, कसैलाई मारेको छैन । सबैको राम्रो होस् भन्ने चाहन्छु । फुर्सद मिलेसम्म मन्दिर पनि जान्छु । अब तपाईं नै भन्नुस् म राम्रो मान्छे कि नराम्रो ? धार्मिक कि अधार्मिक ?'

निरुत्तर भए रामबाबु ।

त्यसपछि त मलाई पनि प्रश्न गर्न मन लाग्यो रामबाबुसँग – 'तपाईं कस्तो मान्छे ?'

उनले बडो अनौठो उत्तर दिए – 'म त धर्म मान्दिनँ ।'

'तपाईले मातापिता वा पूर्वजलाई मान्नुहुन्छ कि हुन्न ?'

'मान्छु ।'

'तपाईले मानिस र पशुमा फरक देख्नुहुन्छ कि हुन्न ?'

'फरक देख्छु ।'

'तपाईले हत्या हिंसा चोरी डकैती फट्याइँ र छुल्याइँमा विश्वास गर्नुहुन्छ कि हुन्न ?'

'गर्दिनँ ।'

'त्यसो भए धार्मिक कसलाई भन्नुभएको छ त ? मन्दिर जाने, पूजापाठ गर्नेर बाहिरी आवरण देखाएर ठगी गर्नेलाई ? तिनीहरू सबै धार्मिक हुँदैनन् र राम्रा पनि हुँदैनन् । अर्को कुरा हामीले मान्दै आएका देवीदेवता,राम, कृष्ण भनेका हाम्रा पूर्वज हुन् । तिनीहरूले अलौकिक काम गरे, त्यसै भएर तिनीहरू भगवान् भए । तपाईंले पनि राम्रो काम गर्नुभयो भने तपाईं पनि भगवान् हुनुहुन्छ । राम्रो काम गर्नेलाई राम्रो भन्ने कि नभन्ने ?'

'राम्रो भन्ने ।'

'अनि किन तपाईले आफूलाई अधार्मिक भन्नुहुन्छ त ?'

त्यसपछि उनी अलिकति हच्किए ।

यस्तै वार्तालाप हुँदै गर्दा हामी 'निहोग' डाँडो काटेर उत्तरीभेगतिर लागेछौँ । त्यस नवीन पथको करिब एक किलोमिटर दूरीमा यात्रु प्रतीक्षालय बनाइएको थियो र लेखिएको थियो– बर्षा शालिका । मैले एक/दुईवटा प्रतीक्षालयमा लेखिएको देख्दा त ठाउँको नाम होला भन्ने सोचेँ तर प्रत्येक प्रतीक्षालयमा एउटै नाम लेखेको देखेर अनुमान लगाएँ– ए ! बर्षा शालिकाको अर्थ त प्रतीक्षालय पो रहेछ त ! बर्षा शालिका अर्थात् बर्साबाट ओतिने ठाउँ ! संस्कृत शब्द । *(क्रमशः)*

सिरियाली राजनीतिमा यसरी आए नेत्र चिकित्सक

विष्णु भट्टराई

सिरियाका राष्ट्रपति वसार अल असाद अहिले अति महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाका निशाना बनिरहेका छन् । यिनी अमेरिका विरोधी मुस्लिम नेताका रूपमा विश्वजगतमा चर्चित छन् । असाद अमेरिकी साम्राज्यवादको कट्टर आलोचक भएकै कारण उनलाई सिरियाको सत्ताबाट अपदस्थ गराउन अमेरिका लागिपरेको छ । असादलाई सत्ताच्युत गराएर सिरियामा प्रो-अमेरिकन नयाँ नेतृत्वलाई सत्तामा ल्याएर अरब विश्वमाथि हैकम कायम गर्ने अमेरिकी मुराद कति सफल हुने हो त्यो अहिल्यै भन्न सकिने अवस्था छैन ।

अमेरिका लगायत पश्चिमा मुलुकहरू असादलाई सत्ता बहिर्गमन गराउन सिरियामाथि नाकाबन्दी गरेर उसलाई एक्ल्याउन एक भएका छन् । तर विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको समाजवादी चीन र रुस भने असादको पक्षमा उभिँदै आएका छन् । राष्ट्रसंघीय सुरक्षा परिषद्मा भिटो प्रयोग गरेर यी दुई राष्ट्रले सिरियाली राष्ट्रपति असादको बचाउ गरेका छन् ।

रुस र चीनले असादको नरसंहारलाई समर्थन गरेको भन्दै पश्चिमा राष्ट्रहरू निकै विक्षिप्त बनेका छन् । सरियामा असादले सत्ता र शक्तिको दुरूपयोग गरी आम नरसंहार मच्चाएर मानवता विरोधी काम गरिरहेको पश्चिमा मुलुकहरूके आरोप छ । हो, सिरियामा विगत डेढ वर्ष अघिदेखि आन्तरिक कलह पनि जारी छ । विपक्षीहरू असादको राजीनामाको माग गर्दै सशस्त्र युद्ध नै लडिरहेका छन् । तर असाद विदेशीको उक्साहटमा विपक्षीहरूले देशमा राजनीतिक अस्थिरता उत्पन्न गराएको भन्दै उनीहरूको आन्दोलनसँग आफू नभुक्ने अडानमा छन् । विपक्षीहरूको आन्दोलन र अमेरिका एवं पश्चिमा राष्ट्रहरूको दबाबलाई कुनै वास्ता नगरी उनी सिरियाको सर्वोच्च नेतृत्वमा टिकिरहेका छन् । असाद झुक्न नजान्ने बरु आफैं लड्दालड्दै मर्ने मुडमा देखिएका छन् । चिलीका समाजवादी राष्ट्रपति डा. अलिन्दैझैं उनी जीवनको अन्तिम क्षणसम्म वैरीहरूसित जुधिरहने तर आत्मसमर्पण नगर्ने दृढतामा देखिन्छन् ।

असादको सिरियाली राजनीतिमा प्रवेश पनि उनको रहरले भएको होइन । धेरैलाई याद नहुन सक्छ असाद पेसाले एक वरिष्ठ नेत्र चिकित्सक हुन् । यी मान्छेका आँखाका चिकित्सक नै एक दिन सिरियाली राजनीतिका चिकित्सक बन्नेछन् भनेर सम्भवतः कसैले पनि सोचेका थिएनन् । आँखाको अप्रेसन गर्न छाडेर सिरियाको राजनीतिक अप्रेसनमा असाद आएका थिएनन् उनलाई जबर्जस्त ल्याएको थियो । राजनीतिमा थोरै पनि चासो नराख्ने डा. असादले अन्ततः आफ्नै बाबुको राजनीतिक विरासतलाई थाम्नुपर्‍यो । असादले कहिल्यै राजनीतिमा आउने इच्छा जाहेर गरेका थिएनन् । परिस्थितिले मान्छेलाई कहाँ पुर्‍याउँछ कसैलाई थाहा हुँदैन । इन्दिरा गान्धी पुत्र राजीव गान्धी प्रायशः आकाशमै रमाउँथे । उनको पाइलट जीवन साँच्ची नै रमाइलो थियो उनका लागि । जब इन्दिरा गान्धी आफ्नै अंगरक्षकद्वारा मारिइन् कांग्रेस आईले राजीव गान्धीलाई राजनीतिमा उतार्‍यो । राजनीतिप्रति विल्कूलै बेमतलवी राजीव राजनीतिमा आएपछि सफल राजनीतिज्ञमै दरिए ।

लिट्टेको आत्मघाती बम आक्रमणमा नपरेका भए उनी अहिलेसम्म भारतमा इन्दिरापछिका निर्विवाद नेता सायद बनिरहने थिए । डा. असाद पनि संयोगले नै सिरियाको राजनीतिमा आएका हुन् । आँखा बिरामीहरूका प्यारा यी डाक्टर राजनीतिमा आएपछि पनि सिरियाका जनताका कम्ती प्रिय नेता बनेनन् । सिरियाली जनताले असादको

विकल्प कहिल्यै खोजेनन् । असादलाई उनका बाबु हाफेजले राजनीतिमा तानेका हुन् । हाफेजले २९ वर्षसम्म सिरियामा एकछत्र शासन चलाएका थिए । तत्कालीन सिरियाली राष्ट्रपति हाफेज आफूपछि आफ्ना जेठा छोरा बसेल अल असादलाई आफ्नो उत्तराधिकारी बनाउन चाहन्थे । तर सन् १९९४ मा कार दुर्घटनामा बसेलको निधन भयो । त्यसको लगत्तै राष्ट्रपति हाफेजले आफ्ना कनिष्ठपुत्र बसार अल असादलाई राजनीति तथा सेनामा प्रवेश गराए ।

बसर अल असादको जन्म ११ सेप्टेम्बर १९९६ मा भएको हो । उनले १७ जुलाई २००० मा सिरियाली राष्ट्रपतिको पद सम्हालेका थिए । उनले शासन सम्हाल्नुअघि उनका बाबु हाफेज अल असदले झन्डै तीन दशक सिरियामा शासन गरिसकेका थिए । हाफेजका चार सन्तानमध्ये बसर नबोल्ने स्वभावका थिए । उनी गम्भीर र शान्त प्रकृतिका व्यक्ति थिए । उनको स्वभावलाई नियाल्नेहरू उनलाई दार्शनिक बन्ने अनुमान गर्थे । असाद राजनीति तथा सेनाको जिम्मेवारीबाट टाढा बस्न चाहन्थे । आफ्ना बाबुले २९ वर्ष शासन गर्दा उनी एकपटक मात्र बाबुको कार्यालय अर्थात् राष्ट्रपतिको कार्यालयमा गएका थिए । त्यो भेटमा पनि उनले बाबुसँग राजनीतिक विषयमा कुराकानी नगरेको उनैले सार्वजनिक गरेका हुन् ।

बसरले विद्यालय स्तरको शिक्षा राजधानी दमास्कसको अरब फ्रेन्च अल हरिया विद्यालयबाट प्राप्त गरेका हुन् । सन् १९८२ मा विद्यालयस्तरको अध्ययन पूरा गरेपछि उनी दमास्कस विश्वविद्यालयमा चिकित्साशास्त्र अध्ययनका लागि भर्ना भएका थिए । सन् १९८८ मा चिकित्साशास्त्रको अध्ययन पूरा गरेपछि उनले सिरियाली सेनाको सबभन्दा ठूलो तिसरिन अस्पतालमा चार वर्ष चिकित्सकको रूपमा काम गरे । त्यसपछि उनले ब्रिटेनको वेस्टर्न आई हस्पिटलबाट आँखासम्बन्धी अध्ययन गरी विशेषज्ञता हासिल गरेका थिए । जतिबेला असदले सिरियाली सेनाको तिसरिन अस्पतालमा काम गरेका थिए त्यही बेला यिनले सेनामा राम्रो छवि बनाएका थिए । पेसाप्रति अत्यन्त जिम्मेवार शान्त स्वभाव र दक्षताले उनी सेनाबीचमा निकै प्रिय बनिसकेका थिए । राष्ट्रपतिका छोरा भएर पनि उनमा अलिकति पनि दम्भ देखिँदैनथ्यो । अरु डाक्टरहरू जस्तै उनी सामान्य थिए । अस्पतालमा जँचाउन आउने सबैसँग उनको व्यवहार असल हुने गर्थ्यो । ठीक समयमा अस्पतालमा उपस्थित हुने र बिरामीको उपचारमा निरन्तर जुटिरहने असद उदाहरणीय बनेका थिए ।

परिवारका जेठा सन्तानलाई आफ्नो उत्तराधिकारी बनाउने असरका बाबु हाफेज अल असदको इच्छा भने कहिल्यै पूरा भएन । बसरका दाजु बसेलको सन् १९९४ मा कार दुर्घटनामा दुःखद निधन भएपछि हाफेजले बसरलाई आफ्नो उत्तराधिकारी बनाउने तयारी गरे । असद ब्रिटेनमै थिए । उनलाई हाफेजले तुरुन्त सरिया बोलाए । जब असद बाबुको आदेश मुताबिक सिरिया फिर्ता भए राष्ट्रपति हाफिजले छोरा असदका निम्ति तीनवटा महत्वपूर्ण कदम चाले । पहिलो सेना तथा सुरक्षा निकायमा बसर अल असदको पकड स्थापना गरे । दोस्रो सिरियाली जनतामाझ असदको छवि राम्रो बनाए र तेस्रो उनलाई राज्य सञ्चालनको विधिसित परिचित गराए । सेनामा राम्रो छाप बनाउन हाफेजले असदलाई होम्स सहरको सैनिक प्रतिष्ठानमा प्रवेश गराए । त्यसको चार वर्षपछि असदलाई कर्णेलमा प्रमोसन गराए । सेनामा बसरको वर्चस्व स्थापित गराउन पुराना डिभिजनल कमाण्डरलाई अवकाश दिए । त्यसपछि हाफेजले आफूप्रति बफादार सैन्य अधिकारीलाई रिक्त पदको जिम्मेवारी सुम्पिए ।

सिरियाली सेनामा असद परिवारको राम्रो पकड रहेको छ । सिरियाली सेनामा कार्यरत बसरका बाबु हाफेजले सन् १९७० मा शासन हत्याएपछि आफू समर्थित तथा आफ्नो अलावितेस समुदायका मानिसलाई सेनाका महत्वपूर्ण पदको जिम्मेवारी सुम्पेका थिए । सेनाको कर्णेलको भूमिकासँगै बसरले जनसरोकारका विभिन्न पक्षमा महत्वपूर्ण कदम चाल्न थाले । असदको जनपक्षीय भूमिकाले उनलाई जनतामाझ छिट्टै लोकप्रिय बनायो । सेना जनताको हो भन्ने विश्वास जनतामा जगाउन सफल हुँदै गए उनी । सेना र जनताबीच पुलको भूमिका निभाए उनले । सेना र जनतामा अविश्वासको स्थिति आए राष्ट्रमा संकट निम्तिने असदको विचारले उनलाई एक प्रखर राष्ट्रवादी सैन्य अधिकारीको रूपमा स्थापित गरायो । शक्तिशाली सेनासँग डराउने सिरियाली जनताको सेनालाई हेर्ने दृष्टिकोणमै परिवर्तन ल्याइदिए असदले । सेना देश र जनताको हुन्छ कुनै परिवार विशेषको पेवा होइन भनेर असदले सिरियाली सेनामा असद परिवारको पकड नरहेको भ्रम जनतामा छर्न समेत पछि परेनन् । त्यस लगत्तै बसरलाई राष्ट्रपति हाफेजको राजनीतिक सल्लाहकार तथा जनताको समस्या सुनुवाई गर्ने र भ्रष्टाचार विरुद्धको अभियान चलाउने ब्युरोको प्रमुख बनाइयो ।

बसरले सिरियामा भ्रष्टाचार विरोधी अभियान नै चलाए । राज्यका विभिन्न अंग र निकायमा हुने गरेका भ्रष्टाचारलाई निरुत्साहित पार्न उनले कडा निगरानी र अनुसन्धानलाई तीव्रता दिए । भ्रष्ट प्रमाणित भएकाहरूमाथि कडा कारवाही हुन थाल्यो । भष्टाचार, आर्थिक अनियमितता, घूसखोरी र कमिशनतन्त्रको सञ्जाललाई असदले तहसनहस नै बनाइदिए । उनको लोकप्रियता यति चुलियो कि राष्ट्रपतिका दाबेदार रहेका तत्कालीन उपराष्ट्रपति अब्दुल खद्दाम छायाँमा परे । सन् २००० मा राष्ट्रपति हाफेज अल असदको निधन भयो । हाफेजको निधनपश्चात् उनलाई बाम पार्टी प्रमुख तथा सेनापति बनाइयो । त्यसै वर्ष सिरियामा सम्पन्न राष्ट्रपतीय निर्वाचनमा ९७.२ प्रतिशत जनताको समर्थन प्राप्त गर्दै आफ्ना प्रतिस्पर्धी अबदुल खद्दामलाई पाखा लगाउँदै उनी राष्ट्रपतिमा निर्वाचित भए ।

जतिबेला असद राष्ट्रपति चुनामा लड्दै थिए त्यसबेला उनी ३४ वर्षका मात्र थिए । राष्ट्रपति बन्नका लागि न्यूनतम ४० वर्षको हुनुपर्ने वैधानिक प्रावधान रहेको थियो । राष्ट्रपतिको पद सम्हाल्न उमेरका हिसाबले असद अयोग्य भएपछि सिरियाको संसदले असदका लागि विधान नै संशोधन गरी राष्ट्रपति हुन न्यूनतम ३४ वर्ष पुगेको हुनुपर्ने नयाँ प्रावधान ल्याएको थियो । सन् २००० मा राष्ट्रपतिमा नियुक्त भएका असद पुनः २००७ को राष्ट्रपतीय चुनावमा सात वर्षका लागि राष्ट्रपतिमा निर्विरोध निर्वाचित भए । दोस्रो कार्यकालका राष्ट्रपति हुन गरिएको जनमतसंग्रहमा असदको पक्षमा ९७.६

प्रतिशत जनताले मतदान गरेका थिए ।

असद अंग्रेजी भाषामा निपुण र पोख्त छन् । उनी फ्रेन्च भाषामा समेत राम्रो दखल राख्छन् । उनले सन् २००० मा सिरिया मूलकी बेलायती नागरिक आस्मा असादसँग विवाह गरेका हुन् । असद दम्पतीका दुई छोरा र एक छोरी समेत गरी तीन सन्तान छन् । उनले आफ्नो जेठो छोराको नाम हाफेज अल असाद राखेका छन् जुन उनको बाबुको नाम हो । राष्ट्रपतिको पद सम्हालेपछि असदले सबभन्दा पहिले फ्रान्स भ्रमण गरेका थिए । फ्रान्सका तत्कालीन राष्ट्रपति ज्याक सिराक असदका असल मित्र भए पनि हालका राष्ट्रपति फ्राँस्वा हल्यान्डे भने असदका आलोचक हुन् । यिनी सिरियामा भइरहेको जनविद्रोहको पक्षमा छन् र असदले सत्ता त्याग्नुपर्ने धारणा राख्छन् । अमेरिका, युरोपेली संघ, इजरायल लगायतका मुलुकहरूले असदले इजरायलमा रहेका सशस्त्र विभिन्न समूहहरूलाई आवश्यक सहयोग गरी आफ्ना शत्रु विरुद्ध प्रयोग गर्ने गरेको आरोप लगाउँछन् ।

सिरियाको इराकसँगको सम्बन्ध राम्रो नरहे पनि सन् २००३ मा अमेरिकाले इराकमा गरेको आक्रमणको विरोध गरेको थियो । असदले इराक आक्रमणको विरोध गरेपछि एक अमेरिकी जर्नेलले असदले इराकी तथा अन्य राष्ट्रका मुस्लिमलाई आर्थिक, तालिम तथा अन्य सुविधाहरू उपलब्ध गराएर अमेरिका विरुद्ध आक्रमण गर्न लगाएको आरोप लगाएका थिए । सन् २०११ म वाल स्ट्रिट जर्नलसँगको कुराकानीमा राष्ट्रपति असदले आफू इजरायल तथा पश्चिमा राष्ट्र विरोधी भएको खुलेआम बताएका थिए । असदले पनि इजरायलको स्वतन्त्र अस्तित्वलाई अस्वीकार गर्दै आएका छन् । विपक्षीहरूलाई आर्थिक र हतियार सहयोग गरेर पश्चिमा राष्ट्रले आफ्नो देशमा अस्थिरता निम्त्याएको उनले भन्दै आएका छन् । सिरियामा जारी आन्दोलनलाई पनि उनले विदेशीहरूको इसारामा गरिएको अराजकताको टिप्पणी गरेका छन् ।

छिमेकी राष्ट्रहरू साउदी अरेबिया, टर्की, कुवेत, जोर्डन लगायतका मुलुकले समेत विपक्षीहरूसँग साँठगाँठ गरेर सिरियालाई कमजोर पार्न खोजेको उनको दाबी छ । चीन र रुस भिटो पावरयुक्त देशले भने सिरियाको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न पश्चिमा राष्ट्रहरूलाई आग्रह गरिरहेका छन् । रुसी राष्ट्रपति भ्यादिमिर पुटिनले भनेका छन्- पश्चिमा राष्ट्रले सिरियाको संकट समाधानका लागि राखेको अडान पुनर्विचार गर्नुपर्छ । मध्यपूर्वमा सरकार विरुद्ध चलेको आन्दोलनको लहरसँगै सिरियामा २६ जनवरी २०११ देखि सरकार विरोधी आन्दोलन सुरु भए पनि गत मार्चदेखि मात्र त्यसले उग्ररूप लिएको हो । असदको कार्यालयमा मानव अधिकारको हनन भएको, आर्थिक वृद्धिदर कम भएको तथा भ्रष्टाचार बढेको भन्दै विपक्षीहरूले उनको राजीनामा मागिरहेका छन् ।

सिरियामा सन् १९६३ देखि संकटकाल जारी छ । संकटकालको अन्त्य, राजनीतिक सुधार, जनाधिकारको बहाली पनि आन्दोलनकारीहरूका एजेन्डाहरू रहेका छन् । आन्दोलनको क्रममा गत मे देखि हालसम्म २० हजार बढीको मृत्यु भइसकेको अन्तर्राष्ट्रिय रेडक्रसले जनाएको छ । अहिले पनि राजधानी दमास्कस, होम्स सहर लगायत टर्कीसँग सीमा जोडिएको क्षेत्रमा सरकारी सेना र विद्रोहीबीच दिनहुँ गाली हानाहान चलिरहेको छ । सिरिया सरकारले रासायनिक हतियार आन्दोलनकारीहरूमाथि प्रयोग गर्न थालेको झूटो प्रचार अमेरिका र पश्चिमा सञ्चार माध्यमहरूले गरिरहेका छन् । अमेरिकाले अ मेरिकामा रहेको राष्ट्रपति असदको सम्पत्ति मे १८, २०११ म रोक्का गरेको घोषणा गरेपछि असद लगायत नौ सिरियाली अधिकारीको भ्रमणमाथि युरोपेली युनियनका विदेशमन्त्रीहरूको बैठकले रोग लगाउनुका साथै सम्पत्ति रोक्का गर्ने निर्णय गरेका छन् ।

समाचार संक्षेप

सबै स्थानीय तहमा परिवार दलले उम्मेदवारी दिने

काठमाडौं । नेपाल परिवार दलले अगामि बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा सबै स्थानीय तहमा उम्मेदवारी दिने भएको छ । दलका अध्यक्ष एकनाथ ढकालको अध्यक्षतामा मङलबार बसेको केन्द्रीय समितिको बैठकले आगामी बैशाख ३० गते हुन गईरहेको आसन्न स्थानिय निर्वाचनमा दलको आप्नै चुनाव चिन्न सहित निर्वाचनमा जाने निर्णय गदै निर्वाचन आयोगमा दर्ता भएका तर राष्ट्रिय मान्यता प्राप्त गरिनसकेका सबै दललाई आफ्नै निर्वाचन चिन्नमा चुनाव लडन पाउने व्यबस्था गर्न सरकार तथा निर्वाचन आयोगलाई आग्रह गर्ने निर्णय गरेको छ ।

बैठकले निश्पक्ष, धाधली रहित र शान्तिपूर्ण तरिकाले निर्वाचन सम्पन्न गर्ने बातावरण तयार गर्न सरकार र निर्वाचन आयोगलाई आग्रह गरेको छ । बैठकले मुलुकमा बैकल्पीक राजनीतिक शक्तिको आवश्यकता छ र त्यो शक्तिको नेतृत्व नेपाल परिवार दल बन्ने बातबरण तयार गर्न समान बिचार राख्न दलहरूसँग छलफल गरेर गठबन्धन गरेर निर्वाचमा जाने निर्णय गरकोछ ।

बैठकले दलको प्रबतामा दैलेखका रुपसिह भण्डारीलाई मनोनित गरेको छ भने बरिष्ठ उपाध्यक्षको नेतृत्वमा केन्द्रीय निर्वाचन परिचालन समिति र सातै प्रदेशका प्रदेश संयोजकको नेतृत्वमा प्रदेश स्तरिय स्थानीय निर्वाचन परिचालन समिति गठन गरी दलको उपस्थीत रहको हेरेक स्थानीय तहमा उम्मेदवारी दिने निर्णय समेत गरेको छ । बैठकले डा. साबीत्री न्यौपानेलाई केन्द्रीय सदस्यमा मनोनित गरेको छ ।

बैठक पछि बोल्दै अध्यक्ष एवम् पूर्वमन्त्री एकनाथ ढकालले पुराना राजनैतिक दलहरूको द्वैत चरित्रका कारण मुलुकमा अन्योलता छाएको बताउँदै अब जनताहरूले बिकल्पको खोजी बताउँदैब सरकार परिवर्तन भएपनि आजसम्म राजनीतिक संस्कार परिवर्तन हुन नसकेकोमा बताए । अध्यक्ष ढकालले नेपालको राजनैतिक दलले अब भने नैतिकताको आधारमा पनि नेपाली जनताको अगाडि भोट मान्न नमिल्ने बताउँ नेपाली जनताले अगामि निर्वाचनमा बैकल्पीक शक्तिलाई मत दिनु पर्नेमा जोड दिए । सबैखाले विभेदको अन्त्य गरौं: सुःसंस्कृत, समृद्ध र समावेशी नेपाल निर्माण गरौं' भन्ने नारा साथ भव्यताका साथ तेस्रो राष्टिय महाधिबेसन सम्पन्न भएपश्चात बसेको पहिलो केन्द्रीय समितिको बैठकमा दलका केन्द्रीय सदस्यहरूले पार्टीको स्थानीय स्तरको गतिबिधीहरूको बारेमा रिपोट प्रस्तुत गरेका थिए । बैठक दलका बरिष्ठ उपाध्यक्ष बिनोद डाँगी सहमहामन्त्री एवम् संबिधन सभा सदस्य मिलन कुमारी राजबंशी लगायत दुई दर्जन नेताहरूले आ आफ्नो धारणा राखेका थिए ।

दुर्घटनामा १ जनाको मृत्यु

कास्की । पोखरा महानगरपालिका-२० कुरस्थित सडकमा ग.१ त ३५२२ नम्बरको ट्याक्टर दुर्घटना हुँदा ट्याक्टरमा सवार सोही ठाउँ बस्ने रोल्पा घर भएका १९ वर्षीय हरि वाठा मगरको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको पश्चिम क्षेत्रीय अस्पताल गण्डकीमा उपचारको क्रममा मृत्यु भएको हो ।

भरुवा बन्दुक सहित पक्राउ

सुनसरी । बराहक्षेत्र नगरपालिका-५ सिमरवनस्थित जनजागृति सामुदायिक वनको पोखरी नजिकबाट ३ थान भरुवा बन्दुक सहित २ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बराहक्षेत्र नगरपालिका-५ सिमरवन बस्ने ३६ वर्षीय पवनलाल माझी र सोही नगरपालिका-३ देविथान बस्ने २७ वर्षीय मोहन श्रेष्ठ रहेका छन् । जनजागृति सामुदायिक वनको पोखरी नजिकै भरुवा बन्दुक लोड गरी घाममा सुकाई बसिरहेको भन्ने सूचनाको आधारमा प्रहरी चौकी भरोलबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त बन्दुक सहित फेला पारी पक्राउ गरेको हो ।

लागूऔषध सहित पक्राउ

काठमाडौं । सुर्खेत, वीरेन्द्रनगर नगरपालिका-५ स्थित रामजानकी सामुदायिक वनको घिमिरे डाँडा भन्ने स्थानबाट करिब १ सय ५० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित सोही ठाउँ बस्ने १९ वर्षीय कुशल गिरी समेत २ जनालाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

सिरहा, लहान नगरपालिका-२४ बस्ने ३४ वर्षीय प्रकाश दासलाई करिब २ केजी २ सय ग्राम अवैध लागूऔषध गाँजा र नियन्त्रित लागूऔषध डाईलेक्स डिसि १ सय एमएलको १ सय २० बोतल सहित मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी लहान र ईलाका प्रहरी कार्यालय लहानबाट खटिएको संयुक्त टोलीले दासको घर तलासी गर्दा उक्त लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो ।

अवैध लागूऔषध नष्ट

मकवानपुर । राक्सिराङ गाउँपालिका-४ अन्तर्गत चौकीटार, मादलसिंह, कैलाश गाउँपालिका-४ अन्तर्गत बिलौनी, सोही गाउँपालिका-७ अन्तर्गत बिलासी, ताम्लाङ र सोही गाउँपालिका-८ अन्तर्गत रुपलाङ र डुडलुङ लगायतको क्षेत्रमा ३५ बिगाहामा लगाइएको अवैध लागूऔषध अफिम खेती प्रहरीले मंगलबार फडानी गरी नष्ट गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वर काठमाडौं, बागमती प्रदेश प्रहरी गण रातोमाटे र जिल्ला प्रहरी कार्यालय मकवानपुर तथा मातहत कार्यालयबाट खटिएको प्रहरीले उक्त खेती फडानी गरी नष्ट गरेको हो ।

दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं । काठमाडौं महानगरपालिका-१५ बिजेश्वरीस्थित सडकमा बा.८५ प ५०६० नम्बरको मोटरसाइकल र बा.४९ प ६१२३ नम्बरको स्कुटर एक आपसमा ठक्कर खाई बुधबार बिहान दुर्घटनामा हुँदा स्कुटर चालक नागार्जुन नगरपालिका-१ रानीवन बस्ने धादिङ ज्वालामुखी गाउँपालिका-४ घर भएका ३५ वर्षीय हरी दुवाडीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मनमोहन मेमोरियल अस्पताल स्वयम्भूमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । नवलपरासी (पूर्व), देवचुली नगरपालिका-१५ धौलागिरी चोकमा लु.१ ख ४३१९ नम्बरको बस र ना.६ ख १७२१ नम्बरको ट्रक एकआपसमा ठक्कर खाई मंगलबार राति दुर्घटना हुँदा बसमा सवार रूपन्देही घर भएकी ३७ वर्षीया मायादेवी पाण्डेको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको नयाँ मेडिकल कलेज चितवनमा उपचारको क्रममा मृत्यु भएको हो । बस र ट्रकका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

करेन्ट लागेर मृत्यु

बारा । आदर्श कोतवाल गाउँपालिका-५ रुपौली बस्ने २२ वर्षीय रंजित पटेलको करेन्ट लागेर मंगलबार राति मृत्यु भएको छ । आफ्नै खेतको मकैबारीमा पानी लगाउनको लागि मोटर चलाउने क्रममा करेन्ट लागेर उनको घट्नास्थलमै मृत्यु भएको हो । यस्तै रुपन्देही तिलोत्तमा नगरपालिका-१२ बस्ने २८ वर्षीय भोला कुमालको करेन्ट लागेर आइतबार साँझ मृत्यु भएको छ । सिद्धार्थनगर नगरपालिका-४ बुद्धकलोनीस्थित सार्वजनिक नालामा करेन्ट लगाई माछा मार्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको भीम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

यस्तै धनुषा, धनौजी गाउँपालिका-५ बहुअर्वा बस्ने ५५ वर्षीया कर्मुधिया देवी महराको करेन्ट लागेर सोमबार बिहान मृत्यु भएको छ । विद्युत हुकिङ्ग गरी बालिरहेकोमा हुकिङ्ग निकाल्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएकी उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

सर्लाही, ईश्वरपुर नगरपालिका-१४ हरकठवा बस्ने ६० वर्षीय चौधरी महतोको करेन्ट लागेर आइतबार राति मृत्यु भएको छ । आफ्नै खेतमा रहेको घाँसमा पानी लगाई पानी मोटर बन्द गरी घर फर्किने क्रममा सोही मोटरमा जडित नांगो तारमा छुँदा अचानक करेन्ट लागेर उनको मृत्यु भएको हो ।

प्रेरक

बुद्ध र गेरुवस्त्र

बुद्ध घर छोडेर गएको १२ वर्षपछि लुम्बिनी फर्किए । बुद्ध आएको खबर पाएपछि उनलाई हेर्न मानिसको ओइरो लाग्न थाल्यो । बुद्धका बाबु राजा शुद्धोधन पनि छोरा आएको सुनेर गदगद भए । मावली नवलपरासीदेखि कपिलवस्तुका सारा मान्छे राजकुमार सिद्धार्थलाई हेर्न लस्कर लागेर आए । तर उनीहरू अमाश्चर्यमा परे राजकुमार त गुरुवस्त्र लगाएर भिक्षुको भेषमा पो रहेछन् ।

सिद्धार्थ गौतम ज्ञान प्राप्त गरेर बुद्ध बनिसकेका थिए । सांसारिक लोभ, माया, मोह, र चैनबाट उनी टाढा भइसकेका थिए । बुद्ध गेरुवस्त्र लगाएर पनि नास्तिक थिए । उनी कल्पनाको भगवानसँग विश्वास गर्दैनथे । ढुंगालाई ईश्वरको मूर्ति बनाएर पूजा गर्ने परम्पराका सख्त विरोधी थिए उनी । राजकुमार सिद्धार्थ बुद्ध बनेर भिक्षुको भेषमा आएको राजा शुद्धोधनले थाहा पाए । दरबारभन्दा अलि टाढा बुद्ध मानिसहरूलाई ज्ञानको उपदेश सुनाइरहेका थिए । राजा शुद्धोधन छोरालाई भेट्न आफैं त्यहाँ पुगे । बुद्धको हालत देखेर राजा शुद्धोधन अत्यन्त आक्रोशित बने ।

उनले छोरालाई भने- यो म के देख्दैछु ? एउटा राजकुमार गेरुवस्त्र लगाएर भिक्षु बनेको छ । तिमीले आफ्नो कुलको मर्यादा बिर्सियौ, तिमी राजाको छोरा हौ । तिम्रो कुल राजवंश हो । एउटा राजकुमारले भिक्षा मागर हिँड्न सुहाउँदैन । राजधर्मले त्यसलाई उचित मान्दैन । अहिले पनि केही बिग्रिएको छैन । तिमी भिक्षाटन गर्न छोड । तिमी त म पछिका राजा हौ । तिमीले बाटो बिरायौ । म तिमीलाई क्षमा गर्न तयार छु ।

बाबु शुद्धोधनको आक्रोशयुक्त आदेश सुनिसकेपछि बुद्धले भने, राजन हो म तपाईको छोरा हुँ । म तपाईबाटै आएको हुँ । तर म राजकूल भने होइन । म पहिले राजकूलको थिएँ अहिले छैन । मैले कूल त्याग गरिसकेकाले हजुरले कूलको कुरा गर्न सुहाउँदैन । रह्यो राजा बन्ने कुरा, म भिक्षु हुँ । मैले भिक्षा लिन थालेको र दीक्षा दिन थालेको १२ वर्ष पुगिसक्यो । राजादेखि रंक सबै मेरा लागि बराबर हुन् । यो संसारमा ठूलो कोही छैन । अज्ञानले मान्छेलाई ठूलो र सानो बनाएको छ । क्रोध र दम्भ छोडेर तपाईं मलाई हेर्नोस् त म राजकुमार मात्र होइन छोरा र भिक्षुको रूपमा पनि छु । म राज्यको सीमा बाहिर स्वतन्त्र छु र प्रा(णीको कल्याण खातिर विचरण गरिरहेको छु । यस्तो छोरा पाएकोमा तपाईंलाई अझ खुसी लाग्नुपर्ने हो ।

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

प्रारम्भमा काम बन्नेछ । तर घरेलु समस्या र पुरानो वादविवाद सुल्झाउन जुट् नुपर्ला । बलभन्दा बुद्धिको उपयोगले फाइदा लिन सकिनेछ । असम्भव काममा समेत युक्तिले सफलता दिलाउन सक्छ । बुधवारपछि स्थिति अनुकूल बन्नाले केही अवसर प्राप्त हुनेछन् । हिम्मतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ भने मेहनतले आम्दानीको दिगो स्रोत जुट्न सक्छ । सप्ताहान्तमा शत्रुपक्षलाई हराउन सकिनेछ ।

वृष

बिग्रन सक्छ । सहयोगीहरू टाढिने र प्रतिस्पर्धीहरू जाग्ने सम्भावना देखिन्छ । आफ्ना कमजोरीको फाइदा अरूले उठाउने चेष्टा गर्नेछन् । तापनि मिहिनेतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ र सावधानीले जोखिम टर्नेछ । बुधवार र बिहीवार भने घरायसी समस्याले अल्झाउन सक्छ । तापनि शुभचिन्तकहरूको साथ-सहयोगले परिस्थिति अनुकूल बन्नेछ । सप्ताहान्तमा अवसरले पछ्याउनेछन् ।

मिथुन

प्रारम्भ फलदायी रहनेछ । बोलीको प्रभावले मनग्य फाइदा उठाउन सकिनेछ । तर्कशक्ति बढ्नेछ भने अध्ययनमा प्रगति हुनेछ । दिगो फाइदा हुने काम सुरु हुनेछ । मेहनतीहरूलाई समयले साथ दिनेछ । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ । बीचमा अवसरवादीहरूबाट सावधान रहनुहोला । काममा आफ्नैबाट धोका हुनेछ, योजना सार्वजनिक नगर्नुहोला ।सप्ताहान्तमा पारिवारिक उल्झनमा परिने सम्भावना छ । साइनो गाँस्नेहरूबाट अलि सजग रहनुपर्ला । आफन्तको सहयोगले काम लिनुहोला, स्थितिमा सुधार आउनेछ ।

कर्कट

प्रारम्भमा खर्चिलो काम गर्नुपरे पनि हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुनेछ । लगनशीलताले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ । राम्रा काममा अभिप्रेरित गर्नेहरू प्रशस्तै भेटिनेछन् । रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ । मानसम्मान प्राप्त हुनेछ । वादविवादमा आफ्नो पक्ष बलियो हुनाले फाइदा भइरहनेछ । कर्ममा जुट्नेहरूलाई बोलीको भरमा काम बन्न सक्छ । सप्ताहान्तमा प्रतिस्पर्धीहरू समेत सहयोगीका रूपमा देखा पर्नेछन् ।

सिंह

प्रारम्भमा मनग्य आम्दानी भए पनि खर्चिलो काम थाल्नाले अर्थ अभाव देखापर्न सक्छ । समस्या सुल्झाउन कर्जा लिनुपर्ने हुन सक्छ । बेलामा होस नपुर्याउँदा चुनौती आउन सक्छन् । बुधवारदेखि स्थितिमा सुधार आउनुका साथै नयाँ काममा हात हाल्ने अवसर जुट्नेछ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । लगनशीलताले सफलताले उचाइमा समेत पुर्याउन सक्छ ।

कन्या

कामको प्रतिफल प्राप्त हुने समय छ । दिगो काम प्रारम्भ हुनेछ । व्यापार बढ्नेछ । र, मनग्य आम्दानी हातलागी हुनेछ । मिहिनेतले सफलताको उचाइमा पुर्याउन सक्छ । बुधवारदेखि खर्चिलो काम गर्नुपर्ने परिस्थिति आउन सक्छ । तर शुभचिन्तकहरूको सहयोगले अप्ठ्यारो काम समेत बन्नेछ । विदेश ताक्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्नेछ । उठ्नुपर्ने रकम प्राप्त हुनाले समस्या टर्नेछ । सप्ताहान्तमा भने एउटै कामलाई दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

तुला

प्रारम्भमा केही उल्झन देखिए पनि हिम्मत गर्दा चिताएको काम सजिलै बन्नेछ । धेरैको विश्वास जित्न नसकिए पनि कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरू नजिकिनेछन् । नाम, दाम र इनाम हातपार्ने समय छ । दिगो आम्दानी हुने काम सुरु गर्ने मौका छ । लगनशीलताले कीर्तिमानी समेत दिलाउन सक्छ । आम्दानीका स्रोतहरू बढ्नेछन् । खर्चिलो कामले धन संग्रहमा धेरै पटक बाधा पुर्याउनेछ । सप्ताहान्तमा भने आफन्तबाट टाढिनुपर्ला । टाढाका साथीभाइ नजिकिन सक्छन् ।

वृश्चिक

सुरुमा स्वास्थ्य कमजोर हुनेछ र धन खर्चनुपर्नेछ । परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ । तापनि सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । खर्च लागे पनि नयाँ काम सुरु हुनेछ । आध्यात्मिक चिन्तनले सुख प्राप्त हुनेछ । इतिहास एवं धर्म-संस्कृतिको जगेर्नामा रुचि जाग्नेछ । अरूलाई प्रभावित पारेर उपलब्धि हातपार्न सकिनेछ । प्रतिष्ठित कामले समाजमा स्थापित गराउनेछ । तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । प्रयत्न गर्दा नोकरी प्राप्त हुन सक्छ ।

धन

सुरुमा विवादास्पद जिम्मेवारीले समस्या निम्त्याउन सक्छ । परिस्थितिवश काम बिग्रने चिन्ताले पनि सताउला । जिम्मेवारी बढ्नेछन् र अरूका लागि समय खर्च हुनेछ । बीचमा अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । काम बिग्रने डरले पनि सताउन सक्छ । बिस्तारै आध्यात्मिक चिन्तनले दुर्भावनाका तरंगहरू समाप्त हुनेछन् । मिहिनेतले चिताएको काम सम्पादन हुनेछ भने नयाँ कामतर्फ अग्रसर हुने मौका जुट्नेछ ।

मकर

प्रारम्भमा पुरुषार्थी काम बन्नेछन् । रमाइलो यात्राको साइत जुर्नेछ भने चिताएको काम पनि बन्नेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । तारिफयोग्य काम बन्नाले जोश-जाँगर पनि बढ्नेछ । बुधवार र बिहीवार भने अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला । कामको बोझ थपिनेछ भने रकम बाहिरिनाले अर्थ अभाव देखापर्नेछ । आँटेको काम रोकिन सक्छ । सप्ताहान्तमा स्थितिमा सुधार आउला । शुभचिन्तकहरूको सहयोग जुट्नेछ, भाग्यले साथ दिनेछ ।

कुम्भ

खानपानको अनियमितताले स्वास्थ्य बिग्रन सक्छ । शत्रु र रोगबाट पनि सावधान रहनुपर्ला । खर्च बढ्नाले केही अर्थ अभाव देखापर्न सक्छ । बेलामा होस नपुर्याउँदा अप्ठ्यारा चुनौती आउलान् । बुधवारदेखि स्थितिमा सुधार आउनुका साथै नयाँ काममा हात हाल्ने अवसर जुट्नेछ । रोकिएका काम बन्नाले नयाँ कर्मतर्फ अग्रसर भइनेछ । अनुभव देखाएर उपलब्धि हातपार्ने समय छ । आफन्तसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन पनि कसिलो हुनेछ ।

मीन

सुरुमा पारिवारिक उल्झनले काम रोकिन सक्छ । ईर्ष्या गर्नेहरूबाट अवरोध हुनेछ । तापनि मिहिनेतले परिस्थिति अनुकूल बन्नेछ । अध्ययनमा प्रगति हुनेछ । आफ्नो अभियानमा धेरैले साथ दिनेछन् । पहिलेको स्थितिमा सुधार आउनेछ । बुधवारदेखि आफ्नो काम खस्किने र प्रतिस्पर्धीहरू जाग्ने सम्भावना छ । फजुल खर्च पनि बढ्नेछ । स्वास्थ्य प्रतिकूल बन्न सक्छ । तर खर्च लागे पनि सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ ।

समाचार

दुर्घटनामा १० जनाको मृत्यु

काठमाडौं । तनहुँ, पाल्पा, सिरहा र सिन्धुलीका छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा परी ७ जनाको मृत्यु भएको छ । तनहुँ, आँबुखैरेनी गाउँपालिका-२ ऐना पहरास्थित सडकमा ग.२ ख ३०७ नम्बरको बस र ग.३ च ६०१२ नम्बरको टाटासुमो एकआपसमा ठक्कर खाई सडकबाट करिब ५ मिटर तल खसेर आइतबार दिउँसो दुर्घटना हुँदा सुमो चालक समेत ३ जनाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको आबुखैरेनीस्थित हाडजोर्नी अस्पताल हुँदै पुरानो मेडिकल कलेज चितवनमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका अन्य १० जनामध्ये १ जनाको आबुखैरेनीस्थित हाडजोर्नी अस्पताल र ५ जनाको सोही अस्पताल हुँदै नयाँ मेडिकल कलेज चितवनमा उपचार भइरहेको छ भने ४ जना उपचार पश्चात डिस्चार्ज भएका छन् । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

पाल्पा, तानसेन नगरपालिका-५ दुङ्गाखानीस्थित सडकमा लु.१४ प ६८६४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई करिब १५ मिटर तल खसेर आइतबार राति दुर्घटना हुँदा चालक रिब्दिकोट गाउँपालिका भैरवस्थान बस्ने २० वर्षीय भरत गोदारको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मिसन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । सिरहा, नरहा गाउँपालिका-३ खोरियाटोलस्थित सडकमा बीआर ०७ एएम ३०६३ नम्बरको कार अनियन्त्रित भई आइतबार राति दुर्घटना हुँदा कारमा सवार धनुषा कमला नगरपालिका-१ हथलेटवा बस्ने २२ वर्षीय धिरज मण्डलको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका अन्य ३ जना घाइतेमध्ये १ जनालाई उपचारको लागि विराटनगर रिफर गरिएको छ । हाल फरार कार चालकको प्रहरीले खोजी गरिरहेको छ ।

सिन्धुली, दुधौली नगरपालिका-५ ठाकुर खोलास्थित पुलमा दुधौली नगरपालिका-४ वाँणेगाउँबाट कटारीतर्फ बिहेको जन्ती बोकेर जाँदै गरेको ना.३ ख ७४९० नम्बरको टिपर अनियन्त्रित भई बुधबार राति दुर्घटना हुँदा टिपरमा सवार कटारी नगरपालिका-२ बस्ने २३ वर्षीय जितेन्द्र कुमर समेत २ जनाको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका उनीहरूको प्राथमिक स्वास्थ्य केन्द्र सिर्थौलीमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका २४ जनालाई सोही स्वास्थ्य केन्द्र हुँदै ४ जनालाई काठमाडौं, ८ जनालाई विराटनगर, २ जना सिन्धुली अस्पताल रिफर गरिएको छ भन्ने १० जना उपचार पश्चात् डिस्चार्ज भएका छन् । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै कैलाली गोदावरी नगरपालिका-५ गेटा मैदामिल नजिक सडकमा से.१ झ २२७ नम्बरको स्कारपियोको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-५ बस्ने ८२ वर्षीया शारदा देवी भट्टको सोमबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको मायामेट्रो अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । स्कारपियो चालकलाई प्रहरीले नियन्त्रणमा लिई दुर्घटनाको सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

यसैगरी झापा, दमक नगरपालिका-२ बेलडागिस्थित सडकमा को.२ त ९१२६ नम्बरको ट्याक्टरले सोमबार दिउँसो किच्दा ईलाम चुलाचुली गाउँपालिका-५ बस्ने ३२ वर्षीय मिथुन तामाङ भन्ने पेम्बा दोर्जेको घटनास्थलमै मृत्यु भएको छ । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ । यसैगरी झापा, कमल गाउँपालिका-५ सितापुरिस्थित सडकमा लु.१ ख ८८३६ नम्बरको बसको ठक्करबाट पैदलयात्री ईलाम सूर्योदय नगरपालिका-१ बस्ने ४१ वर्षीय कमल राईको सोमबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको उपचारको लागि लाईफ लाईन अस्पताल दमकतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

भरूवा बन्दुक पड्किदा १ जनाको मृत्यु

कालीकोट। खाँडाचक्र नगरपालिका-११ जिम्जेडी बस्ने ४० वर्षीय अमराज शाहीको भरुवा बन्दुक पड्कँदा सोमबार साँझ मृत्यु भएको छ । सोही ठाउँस्थित मखडा भन्ने लेकमा सिकार खेल्न गएको अवस्थामा शाहीले बोकेको भरुवा बन्दुक पड्किँएर आफैलाई गोली लाग्दा घाईते भएका उनको उपचारको लागि जिल्ला अस्पताल मान्मतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कालीकोटबाट खटिएको प्रहरीले उक्त भरुवा बन्दुक सहित सोही ठाउँ बस्ने ४३ वर्षीय गोकुल शाहीलाई नियन्त्रणमा लिई घटना सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

डुबेर मृत्यु

काठमाडौं। झापा, अर्जुनधारा नगरपालिका-१० कालीझोडास्थित पैनीमा डुबेर भारत सिक्किम सिम्ताम बस्ने बुद्ध घलेकी छोरी २ वर्षीया जेनुसि घलेको सोमबार बिहान मृत्यु भएको छ । आफ्नो मामा बिसन दर्जीसँग विगत केही दिनदेखि कालीझोडामा बस्दै आएकोमा घर नजिकको पैनीमा डुबेर अशक्त भएपछि बिएण्डी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो । नवलपरासी (पश्चिम), सुनवल नगरपालिका-११ मिश्रौलीस्थित भलुही खोलामा डुबेर सोही ठाउँ बस्ने ९० वर्षीय हर्समणि भण्डारीको सोमबार बिहान मृत्यु भएको छ । उक्त खोलामा डुबेको अवस्थामा उनको शव फेला परेको हो ।

मृत अवस्थामा फेला

काठमाडौं । ललितपुर, गोदवारी नगरपालिका-३ तौखेल बस्ने ३३ वर्षीय संजयमान श्रेष्ठ आफ्नै कोठाभित्र सुतेकै ठाउँमा आइतबार मृत अवस्थामा फेला परेका छन् ।

मोरङ, धनपालथान गाउँपालिका-२ पैठा बस्ने २० वर्षीय रोशन चौधरी सोही गाउँपालिका खयरवनास्थित घर छेउको परालको टाँलमा आइतबार मृत अवस्थामा फेला परेका छन् । सप्तरी, सुरुङ्गा नगरपालिका-२ घुमाउने चौरी बस्ने ४२ वर्षीया देव कुमारी सदा आफ्नै घरको कोठाभित्र आइतबार मृत अवस्थामा फेला परेकी छन् ।

यस्तै तनहुँ, आँबुखैरेनी गाउँपालिका-६ जलभञ्याङ बस्ने ४५ वर्षीया कुमारी भुजेल आफ्नै घरभित्र आइतबार मृत अवस्थामा फेला परेकी छिन् । इलाका प्रहरी कार्यालय आबुँखैरेनीबाट खटिएको प्रहरीले घटना सम्बन्धमा आवश्यक सोधपुछ तथा अनुसन्धानका लागि ४ जनालाई नियन्त्रणमा लिएको छ ।

नवलपरासी(पश्चिम), बर्दघाट नगरपालिका-२ चिसापानीस्थित चिसापानी सामुदायिक अस्पताल बर्दघाटमा कार्यरत रामग्राम नगरपालिका-३ परासी घर भएका ३७ वर्षीय डा.दिपेन्द्र प्रताप सिंह सोही अस्पतालको दोस्रो तलास्थित चेन्जिङ रुपमा आइतबार मृत अवस्थामा फेला परेका छन् ।

यसैगरी काठमाडौं, गोकर्णेश्वर नगरपालिका-६ जोरपाटी जुवी पेट्रोल पम्प नजिक डेरा गरी बस्ने भारत बिहार घर भएका ६५ वर्षीय कृष्ण शर्मा आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेका छन् । पाँचथर, हिलिहाङ गाउँपालिका-१ भीरफेदीस्थित जंगलमा हाल नाम, थर, वतन नखुलेका करिब ४३ वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् । यस्तै काठमाडौं महानगरपालिका-११ थापाथलीस्थित सन्यासी अखडाको टहरामा नुवाकोट त्रिशुली घर बताउने करिब ८५ वर्षीय शिवराम गिरी नाम बताउने व्यक्ति सोमबार मृत अवस्थामा फेला परेका छन् । यसैगरी काठमाडौं महानगरपालिका-१६ बालाजु माछापोखरीस्थित चौरमा हाल नाम, थर, वतन नखुलेका करिब ३२ वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् ।

खोटाङ, दिप्रुङचुईचुम्मा गाउँपालिका-६ दिउँ बस्ने ३८ वर्षीय सन्तोष भन्ने जसधन तामाङ सोही गाउँपालिका-५ स्थित खोष्टुङ खोलाको छिपछिप पानीमा सोमबार मृत अवस्थामा फेला परेका छन् । फागुन २६ गतेदेखि हराएका उनको खोजी गर्ने क्रममा उक्त खोलामा शव फेला परेको हो ।

जाजरकोट, भेरी नगरपालिका-३ ठाँटीस्थित जयकृष्ण पोल्टी सप्लायर्समा काम गर्ने भेरी नगरपालिका-१ कालेगाउँ बस्ने २७ वर्षीय भीम बहादुर बुढाथोकी सोही ठाउँस्थित बाटोको छेउमा मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

यसैगरी धनकुटा, धनकुटा नगरपालिका-९ मुलघाटस्थित तमोर नदीको किनारमा धनकुटा नगरपालिका-९ बिश्रान्ती बृद्धा आश्रममा बस्दै आएकी ५६ वर्षीया देवी लामिछाने मंगलबार मृत अवस्थमा फेला परेकी छन् । फागुन २९ गतेदेखि देखि हराई बेपत्ता भएकी उनको खोजी गर्ने क्रममा उक्त नदीको किनारमा शव फेला परेको हो ।

बाँके, राप्ती सोनारी गाउँपालिका-१ चुनाह बस्ने ४२ वर्षीय राम बिलास सुनार सोही ठाउँस्थित राप्ती नदीको किनारामा मंगलबार मृत अवस्थामा फेला परेका छन् । सोही ठाउँ बस्ने आफ्नै सालाको घर जान्छु भनी हिँडेकोमा उनको झोला, टोपी र चप्पल मात्र फेला परेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कुसुम र सशस्त्र प्रहरी बल नेपालबाट समेत खटिएको प्रहरीले खोजी गर्ने क्रममा उक्त नदीमा उनको शव फेला परेको हो ।

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Nostalgia = घर, परिवार र देश सम्झेर परदेशमा रहँदा दुखित हुने प्रवृति During my study abroad, I never had nostalgia विदेशमा बसेर अध्ययन गर्दा मलाई कहिले पनि घरको मायाले सताएन ।

Occult = गोप्य, रहस्यमय, लुकेको, अनौठो Those perfect in Yoga do occult practices योगका ज्ञाताहरूले अनौठो, अनौठो अभ्यास गर्दछन ।

Pedantic = नियममा प्रतिबद्ध । शास्त्रीय A pedantic teacher attaches big importance in grammatical rules and regulation शास्त्रीय गुरुहरूले व्याकरणको नियम उपनियमहरूलाई ठूलो महत्व दिन्छन ।

Quietude = शान्त शितल The quietude air pervading in the hill relaxed me a lot पहाडमा चलेको शितल वतासले मेरो थकान मेटिदियो ।

Recant = आत्मा आलोचना गर्नु Recanting his former belief he joined the parent organization आत्मा आलोचना गर्दै उसले पुनः पुरानै पार्टी प्रवेश गऱ्यो ।

Sarcastic = चोट पुऱ्याउने किसिमको A sarcastic person like you can not integrate yourself in such a lovely environment यस्तो प्रिय वातावरणमा तिमीजस्तो अर्कालाई घोच्ने गरी भन्ने मान्छे टिक्न सक्तैनौ ।

Tirade = हप्काइ दप्काइ, गनगन गर्नु As soon as the meeting begins, the boss goes into lengthy tirade मिटिङ सुरु हुन पाएको छैन हाकिम कहिले नसकिने गनगन र हप्काइ दप्काइ गर्न शुरु गरिहाल्छन ।

Unfledged = अपरिपक्व The publishers do not take risk by financing the unfledgedwriters प्रकाशकहरूले अपरिपक्व लेखकहरूको कृति प्रकाशन गर्ने खतरा मोल्दैनन ।

Verbose = शब्दजंजालले परिपूर्ण A verbose speech can not attract the audience शब्दजंजालले पूर्ण पट् यारलाग्दो भाषणले श्रोता आकर्षित गर्न सक्तैन ।

Welter = अमिल्दो मिश्रण, खिचडी, भीड Your article is a welter of unrelated facts तिम्रो लेख असम्बन्धित तथ्यहरूको खिचडी मात्र हो ।

Bear बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Bear in mind = ख्याल गर्नु Eat all what you want but bear in mind thet can be detrimental to your health जे मनलाग्छ त्यही खाउ तर आफनो स्वास्थ्यको ख्याल गर्नु ।

Bear witness to something = प्रमाण हुनु We are sure that the new budget bears witness to frugality नयाँ बजेट फजुल खर्च नगर्ने कुराको प्रमाण हो भन्ने कुरामा हामी पक्कका छौं ।

Borne in on somebody = कसैलाई लाग्नु It was borne in on us already that the defeat is inevitable हार निश्चित छ भन्ने कुरा हामीलाई पहिले लागेको थियो ।

Bear upon something = मा लगाउनु We must put our energy to bear upon the task well हामीले हाम्रो शक्ति राम्ररी काम सम्पन्न गर्नमा लगाउनुपर्छ ।

Bear pressure on sombody = कसैमाथि दबाब दिनु Pressure was borne on us to clear the dues within a week एक हप्ताभित्रै बाँकी रकम भुक्तानी गर्नुपर्ने दबाब हामी माथि छ ।

Bear away something = लुटनु । जितेर लैजानु Every year he bears away the first prize हरेक साल उसैले प्रथम पुरस्कार जितेर लैजान्छ ।

Bear off = फुक्का गर्नु Every year on the occasion of Repub;ic Day the government bears off several captives हरेक वर्ष गणतन्त्र दिवसको अवसरमा सरकारले थुप्रै कैदीलाई फुक्का गरिदिन्छ ।

Bear down somebody = कसैलाई धम्काउनु The demonstrators bear down the government to reform प्रदर्शनकारीहरूले सुधारको माग गर्दै सरकारलाई धम्काउँछन ।

Bear something out = प्रमाणित गर्नु The documents presented to the court will bear out the he is inncoent अदालतमा प्रस्तुत गरिएको प्रमाणले ऊ निर्दोष छ भन्ने कुरा सावित गर्छ ।

सुडोकु-अंक २५४

१				२				९
		६	९		४	३		
	८						२	
५		४	६		९	८		२
		१				७		
८		२	४		१	९		३
	४						३	
		५	७		६	२		
२				१				४

अंक २५३ को नतिजा

९	८	३	५	४	१	६	२	७
५	७	४	३	२	६	१	९	८
१	६	२	८	७	९	५	४	३
८	४	७	९	३	५	२	६	१
६	२	१	४	८	७	९	३	५
३	५	९	१	६	२	८	७	४
४	३	५	२	९	८	७	१	६
२	१	६	७	५	३	४	८	९
७	९	८	६	१	४	३	५	२

New Appearance of the DPRK

The appearances of the Democratic People's Republic of Korea are changing beyond recognition.

Last year, North Phyongan and South Hwanghae provinces on the west coast of the country obtained 13 000 hectares of land by finishing the reclamation of the Honggondo tideland and two sections of the Ryongmaedo tideland, projects unprecedented in the history of reclamation of tideland in the country.Ring roads run along the banks, linking many islands and rural villages in the provinces, and crop fields and offshore farms of standard shapes have been created.

The transformation of the city of Samjiyon in the northernmost part of the country, which is called the first village at the foot of Mt Paektu, the ancestral mountain of the country, is a good example.

The construction of the city was completed in four years, divided into three stages.

Thousands of low- and high-rise apartmenthouses,ahospital, a hall of culture, a schoolchildren's palace, a gymnasium, hotels and other public and industrial buildings and their signboards and illuminations go well with the natural and topographicalfeatures of the alpinearea;landscaping has been completed on a high standard. The country calls it a model cultured mountain city, a standard regional city, and is trying to build all the regional cities on its level.

A man engaged in tourism in Europe, after visiting the city, said: I have visited many countries, whose economy and culture have developed, but I have never seen such a nice mountain city as this; what is more surprising is that all these wonderful houses and service facilities are for the ordinary people.

The Yangdok Hot Spring Resort is another example.

It has outstanding scenery and a number of hot springs, which are good for the promotion of people's health and their medical treatment. Built two years ago there is a comprehensive multi-functional medical treatment, sports and cultural complex of 1 660 000m^2 that blends well with the regional characteristics and natural surroundings. Indoor and outdoor spa baths, ski slopes, a riding park, hotels, medical treatment and sanatorium areas, sports and cultural facilities, public catering and welfare facilities, low- and high-rise apartment houses go well with one another and are applied with practicality and formative and artistic beauty. The resort is now evaluated as a "characteristic service base that has opened a new chapter of civilization" and a "resort of a high level that can represent spa culture of the DPRK."

A ski resort was built in an area of 1 412 hectares on Masik Pass, which links the eastern and western middle areas of the Korean peninsula.

There are ten ski slopes, 1 700m long on average and over 5 000m at the longest.

Buildings for large-scale skiing contests and administration, such as hotel and skiing and skating service and other buildings, have been built in conformity with the mountain surroundings and their utility.

There are also a helipad, ski slope watch tower, cable ways of various lengths, ranging from 600m to over 2 000m, and snow canon.

A few years ago, a large-sized greenhouse vegetable farm was built in the Jungphyong area in the northeastern coastal region to provide the people there with fresh vegetables all the year round even in unfavourable weather conditions; the 320 blocks of greenhouses and tree nursery occupying an area of 200 hectares and hundreds of houses for their employees are regarded as models of their kinds to be built across the country.

In recent years several areas in the northern, eastern and western parts of the country were hit by unprecedented flooding and typhoons; the disaster-stricken areas were renovated beyond recognition.

Now, a project of building 50 000 flats in five years is in full swing in Pyongyang, the capital city of the DPRK, and 25 000 flats for miners are being built in the mountain valley of Komdok in an eastern part of the country.

Unimaginable separated from the leadership of Kim Jong Un, president of the State Affairs, is the appearance of the DPRK, which is changing day by day; all the structures built for the wellbeing of the people are associated with his deep thinking, devotion and painstaking efforts. He aspires to the best thing possible, saying: Every structure should be built with an eye to 50 years, nay, 100 years, so that it can represent the present era.

His energetic leadership is bringing about the new appearance of his country to the admiration of the international community.

For the Rising Generations

The Fourth Plenary Meeting of the Eighth Central Committee of the Workers'Party of Korea, held in theendof last year, discussed the agenda item of providing all the students across the country with school uniforms and schoolthings at state expense.

Beforethat meeting, the Third Plenary Meeting of the Eighth Central Committee of the WPK held in June discussed it as a major agenda item toimprove the Party's childcare policy.The meeting adopted it as a Party policy to supply all the children across the country with nourishing foods including dairy products at state expense as their days in nursery and kindergarten are most important in their growth and development.

The DPRK pays unsparing care to children so that they can grow up in a good environment from their early days.

All the things including Pyongyang Children's Department Store, the Okryu Children's Hospital, school bags, notebooks and school things tell the state's love for the future of the country.

The state investment for the rising generation totals an astronomical amount every year.This is not because this country is rich in everything or has lots of money. It still lacks in many things, and is experiencing difficulties; it is under the sanctions and blockade, the harshest-ever of their kinds in history, and the sufferings from the global health crisis and natural disasters are not minimal.

However, irrespective of whether the conditions are favourable or not, it regards the work for the rising generation as the most important of its affairs.

The more difficult the situation is, the greater care the state pays to the children, and by dint of this strength, the country advances toward the communist future;this is the mode of advance and development unique to this country.

All these are inconceivable separated from the affection for the rising generations cherished by Kim Jong Un, president of the State Affairs.

He views that the loss of the state incurred for the benefit of the rising generations is nothing and the more the state invests for them, the brighter the future of the country is.

At the Fourth Plenary Meeting of the Eighth Central Committee of the WPK Kim Jong Un, saying that it is a consistent policy of the Party and the state to provide all the students across the country with school uniforms and school things at state expense, put forward the tasksfor supplying all of them with uniforms and bags of new types and highquality, and took important Party Central Committee measures for its implementation.

It is obvious that the Korean society will become more and more vibrant and vigorous and its national strength will be far more enormous after 20 or 30 years as the country is now making devoted efforts for the rising generation.

फेरि नयाँ...

गरेको थियो । हालसम्म दुई अमेरिकी नागरिकमा डेल्टाक्रोन संक्रमण देखिएको र अन्य धेरैमा योसँग मिल्दोजुल्दो लक्षण देखिएको स्काई न्युजले लेखेको छ । गत महिना बेलायतको स्वास्थ्य सुरक्षा एजेन्सी (यूकेएचएसए) ले एक जना बेलायती नागरिकमा डेल्टा र ओमिक्रोन दुवैको लक्षण देखिएको बताएको थियो ।

इन्धनको...

१३८ रुपैयाँ पर्नेछ । खाना पकाउने एलपी ग्यासको मूल्य भने हाललाई यथावत राखिएको निगमले जनाएको छ । आन्तरिक हवाई इन्धनको मूल्य प्रतिलिटर १५ रुपैयाँ बढेर १५१ पुगेको छ । वाह्य हवाई इन्धनको मूल्य प्रतिकिलोलिटर २ सय अमेरिकी डलर बढाएर १४९५ कायम गरिएको छ ।

चुनावी...

प्रचण्डले काठमाडौं उपत्यका विशेष समन्वय समिति, सम्पर्क समन्वय समिति र प्रवास समन्वय समितिका नेता कार्यकर्तालाई प्रशिक्षण दिँदै भनेका छन् । उनले समानुपातिक निर्वाचनतर्फ आफूहरूले राम्रै मत पाउने दावी गर्दै प्रत्यक्षतर्फ जति जिते पनि त्यसलाई स्वीकारेर अघि बढ्नुपर्ने धारणा राखेका छन् । प्रचण्डले पहिले केपी ओलीले हेपेजस्तै गरी अहिले कांग्रेसका नेताहरूले पनि माओवादीलाई हेपिरहेको भन्दै त्यस किसिमको हेपाहा प्रवृत्ति सहन नहुने बताएका छन् । प्रचण्डको यस्तो भनाइले निर्वाचनमा कांग्रेस एक्लै जान चाहेको बुझ्न सकिन्छ ।

अध्यक्ष प्रचण्डले प्रशिक्षणका क्रममा राजतन्त्र र ओली दुवैलाई माओवादीकै बलमा पाखा लगाएको बताए । उनले रुक्मांगत कटवाललाई सेना प्रमुखबाट हटाउन खोज्नु र गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति नबनाउनु माओवादीको गल्ती भएको स्वीकारेका छन् । उनले व्याख्यात्मक टिप्पणीसहित संसदले पारित गरेको एमसीसी सम्झौतालाई अमेरिकाले स्वीकार नगरे त्यो स्वतः खारेज हुने पनि बताएका छन् ।

आन्दोलनमा जाँदा विगतमा पनि जनताले साथ नदिएको र अहिले पनि त्यस्तै अवस्था रहेकाले माओवादी आन्दोलनमा नगएर सत्तामा बस्नु परेको उनको भनाइ छ । चुनावको मिति नजिकिँदै गर्दा प्रचण्ड प्रदेश तहमा चुनावी प्रशिक्षण गर्दै हिँडिरहेका छन् । यसअघि उनले विराटनगरमा पनि एक नम्बर प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्दै गठबन्धनका लागि पहल भइरहेको तर नभए पनि आफ्नै ढंगले चुनाव लड्नुपर्ने बताएका थिए ।

प्रमुख विपक्षी दल एमाले पनि आसन्न स्थानीय तहको निर्वाचनमा केन्द्रित भएको छ । बुधबार संसदीय दलको बैठक राखेर अध्यक्ष एवं संसदीय दलका नेता केपी शर्मा ओलीले आसन्न चुनावमा पार्टीका चुनौतीहरू के हुन् भन्ने व्याख्या गरे र चुनौतीहरू चिर्ने गरी गाउँ केन्द्रित हुन संघीय सांसदहरूलाई निर्देशन गरेका छन् । एमाले अध्यक्ष ओलीले देखेको पहिलो चुनौती हो- गठबन्धन । संघ र प्रदेशको चुनावमा मिलेर सरकार चलाइरहेका कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीको गठबन्धनलाई ओलीले मुख्य चुनौती देखेका छन् । सत्ता गठबन्धनलाई मुख्य चुनौतीका रुपमा लिँदै गठबन्धनको भण्डाफोर गर्न संघीय सांसदलाई भनेका छन् । सत्ता गठबन्धन दिगो नहुने भनेर जनतालाई बुझाउन ओलीको सुझाव छ । चार दलको उद्देश्य र विचार चार थरी रहेको र हिँडेको बाटो पनि चार थरी रहेको भन्दै उनले यीइ कुरा जनतालाई भनेर गठबन्धन दिगो नहुने भनी जनतालाई बुझाउनुपर्ने बताएका छन् ।

ओली नेतृत्वको अघिल्लो सरकारले दुई पटकसम्म प्रतिनिधिसभा विघटनको प्रयास गरेको थियो । तर सर्वोच्च अदालतले दुवै पटक प्रतिनिधिसभा विघटनलाई बदर गरिदिएपछि ओली सरकारबाटै बाहिरिन पुगे । यसकारण एमालेले गलत गरेको थियो कि भन्ने जनतालाई परेको हुन सक्ने भन्दै ओलीले वास्तविकता बुझाउन संघीय सांसदहरूलाई भनेका छन् । प्रतिनिधिसभा पुनःस्थापना भएपछि मुलुक थप अनिश्चिततातर्फ गएको, सर्वोच्च अदालत अदालत जस्तो नभएको र सरकार सरकारजस्तो हुन नसकेको भनी जनतालाई बुझाउन सके मात्रै चुनावी परिणाम एमालेको पक्षमा आउने ओलीको विश्लेषण छ । अन्यथा चुनावमा हार व्यहोर्न सक्ने उनको भनाइ छ ।

स्थानीय तहको चुनावमा सरकारले गर्न सक्ने सेटिङलाई पनि सरकारले चुनौतीका रुपमा लिएको छ । तर त्यो सेटिङ कस्तो हुन सक्छ भन्नेमा एमालेले प्रस्ट केही भनेको छैन । तर अध्यक्ष ओलीले संसदीय दलको बैठकमा भनेका छन्– सरकार षड्यन्त्रका लागि जुनसुकै सेटिङमा लाग्न सक्छ । त्यो सेटिङ अदालती सेटिङदेखि लिएर सबै हुन सक्ने उनको भनाइ छ ।

अमेरिकालाई व्याख्यात्मक घोषणा भनेर एमसीसीमा सरकारले छकाएको भन्दै उनले सरकारले जनता र एमालेलाई पनि छकाउन सक्ने बताएका छन् । चुनावमा जाँदा भलाद्मी पल्टिने नेताहरूको प्रवृत्तिलाई पनि अध्यक्ष ओलीले चुनौतीका रुपमा लिएका छन् । चुनावका लागि गाउँ जाँदा भलाद्मी पल्टिने, नेता हुँ भन्ने होइन । जनता, कार्यकर्तासँगै जाने हो । खटिनुस्, कार्यकर्ताहरूसँगै, ओलीले संघीय सांसदहरूलाई निर्देशित गरेका छन् । नेताहरूमा कत्तिको उत्साह छ भन्ने विषयले चुनावी प्रचारलाई प्रभाव पार्छ । यही बुझेर ओलीले एमाले एक्लैले ६० देखि ७० प्रतिशत स्थानीय तहमा चुनाव जित्ने आँकलन नेताहरूलाई सुनाएका छन् । तर त्यसको आधार भने बताएका छैनन् ।

माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी पार्टीको भविष्य स्थानीय तह निर्वाचनको परिणामले निर्धारण गर्नेछ । एमालेबाट विभाजित एकीकृत समाजवादी पार्टी, सुदूर पश्चिम प्रदेशमा भने बलशाली छ । संघीय सरकार र प्रदेश सरकारमा पनि रहेको एकीकृत समाजवादी पार्टी आफूले भनेजस्ते सफलता प्राप्त गर्न सकेन भने पनि एमालेलाई हराउने भूमिकामा भने रहने विश्लेषण गरिएको छ । तराई क्षेत्रमा जसपा र लोसपाबीच मत काटाकाट हुँदा कांग्रेस, एमालेलाई फाइदा पुग्न सक्ने पनि आँकलन गरिँदैछ ।

दशगजामा...

बनाउन पाइँदैन ।' स्थानीयले नेपाल सरकारले सडक निर्माणको काम रोक्न नसके पनि पानीको निकासका लागि ठूला पुल बनाउने र सडकको उचाइलाई कम गर्न पहल गरिदिन आग्रह गरेका छन् । सुस्ता र प्रतापपुर गाउँपालिकाले नेपाल सरकारलाई पत्र पठाउँदै सडक निर्माणको काम रोक्न र नेपाली भूभाग डुब्ने गरी कुनै पनि संरचना निर्माण नगर्न आग्रह गरेका छन् । पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले भारतले दशगजानजिकै सडक बनाएको विषयमा गृह र प्रधानमन्त्री कार्यालयमा जानकारी गराएको बताए । 'यस विषयमा भारत उत्तरप्रदेश महाराजगन्ज जिल्लाका प्रमुखसँग पनि कुराकानी भएको छ,' उनले भने, 'जिल्ला स्तरबाट भन्दा पनि केन्द्रीय स्तरबाटै कूटनीतिक पहल हुन जरुरी छ ।'

स्थानीयले बासिन्दाले तत्काल सडक निर्माणको काम रोकेर समस्याको समाधान खोज्न सरकारसँग माग गरेका छन् । स्थानीयले जिल्ला प्रशासनमार्फत सरकारलाई ज्ञापनपत्र र स्थानीय तहले गृह मन्त्रालयमा जानकारी गराएको भए पनि निर्माणको काम रोकिएको छैन । गण्डक ब्यारेज र नहरका कारण डुबानको समस्या खेपिरहेका सीमावर्ती क्षेत्रका बासिन्दाले यो सडक निर्माण भएपछि दीर्घकालीन रूपमा बाढी र कटानको समस्या भोग्नुपर्नेछ । 'हाम्रो क्षेत्र बर्सेनि डुबानमा पर्दै आएको छ । बस्ती छोडेर जान पनि सकिँदैन । अब भारतले पानीको निकास नै रोकिने गरेर सडक निर्माण गरेपछि हाम्रो उठीबास हुने भो,' प्रतापपुर-६ का अजय लोनियाले भने, 'यो काम रोक्ने वा पानीको निकास हुने प्रकारको सडक निर्माण गर्न भारतलाई दबाब दिन नेपाल सरकारले ढिला गर्नै हुँदैन ।'

सरावल गाउँपालिका-७ का वडाध्यक्ष हेयात खाँ धुनिया आफैं चिन्तित छन् । गाउँलेहरू सडक निर्माणले बस्ती डुबानमा पर्ने भन्दै पहल गरिदिन आग्रह गर्छन् । तर, वडाध्यक्षको तहबाट यो काम नहुने भन्दै उनी स्थानीयलाई सम्झाउँदै छन् । सीमावर्ती भारतको लक्ष्मीपुरका वडाध्यक्षसँग उनले यस विषयमा कुराकानी पनि गरे । तर, निकास निस्किएन । 'हामी आफैं डुबानमा पर्ने जोखिम बढ्यो । खेतीयोग्य जमिन डुबानमा पऱ्यो भने यो क्षेत्रको जीविकोपार्जनको माध्यममै समस्यामा पर्छ,' उनले भने, 'सडक निर्माणको काम रोक्न नसके पनि पानीको निकासका लागि पुल तथा अन्य वैकल्पिक उपाय अपनाउन तत्काल दबाब दिन आवश्यक छ ।'

फागु पर्वसँगै...

बुद्धिजीवीहरूलाई पञ्चायती कायर राजले निर्ममतापूर्वक हत्या गरेको थियो । बुद्धिजीवीहरू नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ र रामनाथ दाहाललाई जेल सार्ने बहानामा सुखानीको जंगलमा लगेर खुनी पञ्चायती शासकहरूले कायरतापूर्वक हत्या गरेका थिए । रामनाथ दाहाल त तिनै व्यक्ति थिए जसले पूर्वप्रधानमन्त्री ओलीको हेरचाह र पठनपाठनको जिम्मेवारी निभाएका थिए । धनी किसान वर्गका दाहालको संरक्षत्व यदि नपाएका भए केपी ओली वामपन्थी राजनीतिमा हुन्थे हुन्थेनन् त्यो अहिले पनि बहसको विषय हुन सक्छ ।

नेपाली कम्युनिस्ट आन्दोलनको संशोधनवादी धारलाई चुनौती दिँदै सुखानीका सहिदहरूले क्रान्तिको बाटो देखाएका थिए । त्यसबेलाको झापा विद्रोह मूलतः नक्सलवाडी आन्दोलनबाट निश्चय नै प्रभावित थियो । पश्चिम बंगालको नक्सलवादी क्षेत्रलाई आधारभूमि बनाएर भारतीय क्रान्तिकारी कम्युनिस्टहरूले विद्रोहको शंखघोष गरेका थिए । जसलाई नक्सलवादी आन्दोलन भनेर चिनिन्छ । अहिले पनि भारतको झारखण्ड, विहार, छत्तीसगढ आदि क्षेत्रमा विद्रोह गरिरहेका कम्युनिस्टहरूलाई भारतीय सञ्चारमाध्यमहरूले नक्सली, नक्सलाइट भनेर समाचार सम्प्रेषण गर्ने गरेको पाइन्छ । झापा विद्रोहका युवाहरूलाई पनि पञ्चायती शासकहरूले नक्सलपन्थी भन्ने गर्थे । नक्सलवादी विद्रोहको हुबहु कपि थियो झापा विद्रोह । नक्सलवादी विद्रोहको नेतृत्व चारु मजुमदारले गरेका थिए । यता झापा विद्रोहको नेतृत्व मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, सीपी मैनाली, हर्कबहादुर खड्का, सीता खड्का, लीला कट्टेल, शान्ता प्रसाइँ, दुर्गा अधिकारी, रामप्रसाद प्रधान, शिव शिवाकोटी, राजन राजवंशी, दधिराम धिमाल, श्रीराम गिरी, दिलबहादुर खड्का, नरेश खरेल, रत्नकुमार वान्तवालगायत सुखानीमा हत्या गरिएका पाँच युवाले गरेका थिए ।

सामन्त सफाय अभियानको छोटो समयमै थुप्रै झापाली युवा विद्रोहीहरू पक्राउ परे । पाँचजना सुखानीमा मारिए भने चन्द्रबहादुर डाँगी र रामप्रसाद प्रधानलाई स्थानीय सामन्त पञ्चायती दलालहरूले पक्रेर हत्या गरे । मोहनचन्द्र, राधाकृष्ण, सीपी, धर्म घिमिरे, नरेश खरेल, नारद वाग्ले, घनेन्द्र बस्नेत लगायत दर्जनौं युवाहरू जेल परे । झापा आन्दोलनमा उल्लेख्य भूमिका ननिभाए पनि केपी ओली पनि समातिए । सुखानी हत्याकाण्ड र नेताहरूको गिरफ् तारीले झापा आन्दोलनले ठूलो धक्का खायो । पछि कोअर्डिनेसन कमिटी हुँदै २०३५ सालमा नेकपा मालेको उदय भयो । मार्क्सवादी समूहसँग पार्टी एकीकरण भएपछि माले एमाले बन्यो । पूर्वमाओवादी केन्द्रसँग एकता गर्दै एमाले नेकपाका रुपमा पनि उदायो । तर यो एकता दीर्घ रहेन । सर्वोच्च अदालतको आदेशले फेरि एमाले ब्युँतियो । अहिले एमालेको शीर्ष नेतृत्वमा झापा आन्दोलनकै आन्दोलनकारीमध्येका केपी ओली नै छन् । झापा आन्दोलनलाई धेरैले गलत पनि भनेका छन् । व्यक्तिहत्याको राजनीति गलत भए पनि पञ्चायती व्यवस्थाविरुद्ध झापा विद्रोह सशक्त प्रहार थियो । सुखानीका सहिदहरूले देखेको गणतन्त्रको सपना पूरा भए पनि समाजवादको सपना अधुरै छ ।

फागु पर्वको...

फागु रंग पर्व हो । यो विज्ञानसम्मत पनि छ । रंग प्रयोगमा मानिसको आकर्षण सूर्यका किरणले गरेका हुन् । अर्कोतर्फ पाञ्चायन पद्धति मात्र होइन, सौरसम्प्रदाय मात्र पनि होइन, सबै समाजमा सूर्य उपासना परम्परा छ । यसै मान्यतासँग सोलास थेरापी, सूर्य स्नान पद्धति जोडिएर विकसित भए । सोलार थेरापी, सूर्य स्नानबाट विभिन्न बाह्य रोग, चर्मरोगहरूको उपचार हुने कुरा विज्ञानसम्मत हो । फागु मुख्य रुपमा कलर थेरापीसँग जोडिएको छ । मानव समाजले रंगको प्रयोग इन्द्रेणीबाट सिकेको र प्रयोगमा ल्याएको अनुभूति हुन्छ । रंगबाट कुष्टादि विभिन्न चर्मरोगको उपचार हुने कुरा आयुर्वेदले बताएको छ । त्यसैले पनि विभिन्न महत्व बोकेको रंगको वर्षमा एउटा अवसरमा उत्सवको रुपमा मान्न थालिएको स्पष्ट छ । रंगले स्वभावैले मानिसमा आनन्द, उल्लास ल्याइदिन्छ । यो सकुनको प्रतीक पनि हो । विभिन्न रंगका विभिन्न अर्थ र प्रयोजन पनि हुन्छन् ।

बौद्धधर्मको बज्रयानी मतमा पञ्चध्यानी बुद्धको परम्परा छ । यिनलाई कस्मिक पावर मानिन्छ । पञ्चध्यानी बुद्ध- अक्षोम्य, रत्नसम्भव, अमिताभ, अमोधसिद्धि र वैरोचनसँग पञ्चस्कन्द, पञ्चमहाभूत, पञ्चदिशा, पञ्चमुद्रा मात्र जोडिएका छैनन् । पाँच प्रकारका रंग पनि जोडिएका छन् । यिनमा क्रमशः निलो, पहेँलो, रातो, हरियो र सेतो हुन् । यसरी ध्यानी बुद्धसँग पनि जोडिनुले रंगको महत्व बुझिन्छ । पर्वलाई विभिन्न वर्ग र समुदायसँग पनि जोडिएको पाइन्छ । फागुलाई व्यावसायिक समूहसँग सम्बन्धित देखाइएको छ । यसको सान्दर्भिकता आआफ्नै ठाउँमा होला । फागुको ठूलो विशेषता भनेको यसमा उचनिच, भेदभाव आदिको भावना हुँदैन । यो सद्भाव, भिन्नता बढाउने पर्व पनि हो । यसले सबैमा उत्साह, उमंग ल्याउने काम गर्दछ ।

यो भेटघाट र खानपिनको पर्व पनि हो । तर वर्तमानमा फागुको नाममा विभिन्न विकृतिहरू पनि विकसित हुन थालेका छन् । नेपालमा विभिन्न ठाउँ र समुदायहरूमा विभिन्न किसिमले फागु मनाइन्छ । हिमाल र पहाडको तुलनामा तराईमा फागुको महत्व बढी छ । यसलाई सुदूरपश्चिम तराईमा बसोबास गर्ने रानाथारुहरूले एक महिनासम्म सबैभन्दा ठूलो पर्वको रुपमा मनाउँछन् । भारतमा यसलाई होलीको रुपमा भव्य र सम्मानका साथ मनाउने गर्दछन् ।

फागु पूर्णिमा तराई मधेसका विभिन्न जिल्लाहरूमा पनि हर्षोल्लासका साथ मनाइन्छ । तराईका जिल्लाहरूको विभिन्न चोकमा साङ्गतिक कार्यक्रम गर्दै तथा एकआपसमा मित्रता, आत्मीयता बढाउन अबिर तथा रङ लगाई होली पर्व मनाइन्छ ।

दैत्यराज हिरण्यकश्यपुले विष्णु भक्तिबाट विजलित पार्न नसकेपछि आफ्ना पुत्र प्रल्हादलाई मार्ने उद्देश्य ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी बिहिनी होलिकालाई दन्किरहेको आगोमा छोरा प्रहलादसहित पस्न लगाउँदा होलीका भष्म भएको तर भक्त प्रहलाद भने आगोबाट सकुशल निस्केको प्रसङ्ग पुराणमा उल्लेख छ । यसैको सम्झनास्वरुप शक्तिको दुरुपयोग गर्ने पाप प्रवृत्तिकी प्रतीक होलिका मारिएको उपलक्ष्यमा विजयोत्सवका रुपमा होली अर्थात् फागु पूर्णिमा मनाउने गरिन्छ ।

वाङ...

पारित भएपछि चिनियाँ विदेशमन्त्री वाङ नेपाल भ्रमणमा आउने तयारीमा लाग्नुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । १३ साउनमा शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि पहिलोपटक चिनियाँ विदेशमन्त्री वाङ नेपाल भ्रमण गर्ने पहिलो विशिष्ट पाउन हुनेछन् । परराष्ट्र मन्त्रालयका एक अधिकारीका अनुसार यसअघि नै चीनका विदेशमन्त्रीले गत अक्टोबरमा परराष्ट्रमन्त्री नारायण खड्कालाई चीन भ्रमणको निमन्त्रणा दिएको थियो । तर, सो समयमा नेपालबाट चीनका लागि कुनै पनि उडान नभएकाले खड्का बेइजिङ जान सकेका थिएनन् ।

पछिल्लो समय अमेरिकी सहयोग परियोजना (एमसीसी) अनुदानको विषयमा बेइजिङले अमेरिकाको खुलेर आलोचना मात्रै गरेन कडा आपत्ति पनि जनाइरहेका बेला उत्तरी छिमेकी मुलुक चीनले पठाउन लागेको प्रतिनिधिमण्डल पठाउन खोज्नुलाई निकै चासोका साथ हेरिएको छ । हाल दक्षिण एसियामा चीनको उच्चस्तरीय भ्रमण भइरहेका बेला योपटक योजनाअनुसार नै चीनको उच्चस्तरीय भ्रमण हुन लागेको एक अधिकारीले जानकारी दिए ।

सरकारी अधिकारीका अनुसार पछिल्लो समय चीनले अमेरिकी सम्झौता पास भएपछि चासो देखाइरहेका छन् । 'बेइजिङले अमेरिकी अनुदानको कार्यान्वयनले आफ्नो सुरक्षा र रणनीतिक सरोकारलाई असर गर्न सक्छ कि भनेर चासो राखेको हुन सक्छ, परराष्ट्रका १ अधिकारीले भने, नेपालले सन् २०१७ मा हस्ताक्षर गरेको बेल्ट एन्ड रोड इनिसिएटिभलाई अगाडि बढाउने विषयमा पनि ध्यान केन्द्रित गर्न खोजेको हुन सक्छ ।'

२५ असोज २०७६ मा दुईदिने नेपाल भ्रमणमा आएका चिनियाँ राष्ट्रपति सीले नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीसँगको भेटमा ५६ अर्ब अनुदान सहायता घोषणा गरेका थिए । तर, सो सम्झौता अझै पनि कार्यान्वयनमा आउन सकेको छैन ।

दुवै...

सामान्यतः सुरक्षा निकायमा प्रमुखले एक महिनाअघि बिदा बसेर भावी प्रमुखलाई कायममुकायम दिएर नेतृत्वमा परिपक्व बनाउने प्रचलन हुन्छ । तर, प्रहरीको महानिरीक्षक बढुवामा हुने अत्यधिक चलखेलले सरकारले अघिल्लो दिन मात्र बढुवा गर्दै आएको छ । जसले बढुवामा अस्वस्थ प्रतिस्पर्धालाई प्रश्रय दिन्छ । चुनावको मुखमा यसरी उच्च प्रहरी अधिकारीहरू बढुवाको दौडधुपमा लाग्दा त्यसको नकारात्मक असर सुरक्षामा देखिन सक्ने पूर्वप्रहरी अधिकारी बताउँछन् ।

सशस्त्र प्रहरी बलमा यसबीचमा दुई आइजिपी फेरिनेछन् । हालका आइजिपीका शैलेन्द्र खनालले २८ चैतमा अवकाश पाउँदै छन् । आइजिपीको चारवर्षे पदावधि पूरा गरी उनले अवकाश पाउन लागेका हुन् । खनालको अवकाशपछि उनकै ब्याचका एआइजीले २१ दिनका लागि संगठनको नेतृत्व सम्हाल्ने अवसर पाउनेछन् । जसको प्रतिस्पर्धामा एआइजीद्वय पुष्पराम केसी र रामशरण पौडेल छन् । उनीहरूले ३० वर्षे सेवाहदका कारण १८ वैशाखमा अवकाश पाएपछि अहिलेको डिआइजीमध्येबाट एक आइजिपी हुनेछन् । जसमा राजु अर्याल, नारायणदत्त पौडेल र चन्द्रप्रकाश गौतम दावेदार छन् । २८ वैशाखपछि रिक्त हुने एआइजी पदमा बढुवा गरी लगत्तै एकलाई आइजिपी बनाउनुपर्ने हुन्छ । सशस्त्र प्रहरीको इतिहासमा अहिलेसम्म १ नम्बरमा रहेका एआइजी नै महानिरीक्षक हुँदै आएका छन् ।

यसैबीच गृह मन्त्रालयले योग्यता र कार्य सम्पादनका आधारमा भन्दा शक्तिका आडमा कोटा भाग लगाएर प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) बढुवाका लागि सिफारिस गरेको भन्दै प्रहरी प्रधान कार्यालय असन्तुष्ट बनेको छ ।

गृह मन्त्रालयले मंगलबार गरेको एआईजी बढुवा सिफारिसप्रति प्रहरी महानिरीक्षक शैलेश थापा क्षत्रीदेखि प्रहरीका अन्य उच्च अधिकृत गृह मन्त्रालयसँग असन्तुष्ट बनेका हुन् । गृह सचिव टेकनारायण पाण्डेको अध्यक्षतामा मंगलबार बसेको बढुवा समिति बैठकले तीन नायब महानिरीक्षक (डीआईजी) लाई एआईजीमा बढुवाका लागि सिफारिस गरेको थियो ।

प्रहरी महानिरीक्षक क्षत्री आफैं बढुवा समितिका सदस्य सचिव हुन् । उनले बढुवाको निर्णय हुँदै गर्दा नै अव्यावहारिक निर्णय भन्दै असन्तुष्टि जनाएको स्रोतले भनेको छ ।

गृह मन्त्रालयले डीआईजीत्रय वसन्तकुमार पन्त, धिरजप्रताप सिंह र रवीन्द्रबहादुर धानुकलाई एआईजीमा बढुवा गर्न सिफारिस गरेको थियो । उनीहरूमध्ये केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा कार्यरत सिंहका नाममा भने असन्तुष्टि देखिएको छैन । उनी प्रहरी संगठनभित्र व्यावसायिक र स्वच्छ छविका प्रहरी अधिकारीमा गनिन्छन् । तर बढुवामा परेका पन्त र धानुकको नाममा भने तीव्र असन्तुष्टि देखिएको छ । उनी आगामी १८ वैशाखबाटै ३० वर्षे सेवा अवधिका कारण अनिवार्य अवकाशमा जाँदै छन् । उनलाई कांग्रेस नेताहरूकै जोडबलमा छोटो अवधिकै लागि भए पनि बढुवाका लागि सिफारिस गरिएको हो ।

यस्तै, धानुक माओवादी केन्द्रको जोडबलमा एआईजी सिफारिस भएका हुन् । धानुकलाई एआईजी सिफारिस गरेको विषयमा प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसभित्र पनि असन्तुष्टि देखिएको छ । उनलाई अर्थमन्त्री जनार्दन शर्माले एआईएजी सिफारिस गर्न जोडबल गरेका हुन् ।

कांग्रेसका लुम्बिनी प्रदेशका नेताहरूले सो प्रदेशमा एमाले महासचिव शंकर पोखरेलले मुख्यमन्त्रीको शपथ लिँदा कांग्रेस प्रमुख सचेतक निर्मला क्षत्रीसहितका प्रदेश सांसदलाई दुर्व्यवहार गरेको बताउँदै धानुकलाई बढुवा नगर्न गृहमन्त्री बालकृष्ण खाँणलाई दबाब दिँदै आएका थिए ।

स्रोतका अनुसार प्रहरी प्रधान कार्यालय नक्सालले डीआईजी घनश्याम अर्याल वा ईश्वरबाबु कार्कीमध्ये एक जना तथा धिरजप्रताप सिंह र उत्तमराज सुवेदीलाई गर्न चाहेको थियो । सुवेदी भागीरथी बलात्कार तथा हत्या प्रकरणको सफल अनुसन्धानका कारण प्रधान कार्यालयको रोजाइमा थिए ।

वरीयताका आधारमा प्रहरी नायब महानिरीक्षक (डीआईजी) घनश्याम अर्याल, प्रकाशजंग कार्की, पन्त, ईश्वरबाबु कार्की, सिंह, वसन्तकुमार लामा, धानुक, उत्तमराज सुवेदी, अरुणकुमार बिसीलगायत एआईजीका लागि प्रतिस्पर्धामा थिए ।

बिना काम...

गरेको कामकारबाहीको संक्षिप्त जानकारीमा भनिएको छ, 'प्रतिनिधिसभाको चालु अधिवेशनमा कुनै पनि नयाँ विधेयक दर्ता भएको छैन । ४२ वटा विधेयकमध्ये लोक सेवा आयोग विधेयक राष्ट्रिय सभाबाट संशोधनसहित प्राप्त सन्देश टेबल भएको थियो ।'

सरकारले जारी गरेका ६ अध्यादेश स्वीकार गरेको विवरण पनि संसद्ले चालु अधिवेशनमा गरेको कामको सूचीमा समेटिएको छ । संसद्ले यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, रेल्वे अध्यादेश संसद्ले स्वीकृत गरेको थियो । सरकारले प्रतिस्थापन विधेयक ल्याउन नसक्दा ती अध्यादेश निष्क्रिय भइसकेका छन् ।

संसद्को १० औं अधिवेशनले विवादित एमसीसी सम्झौतालाई व्याख्यात्मक टिप्पणीसहित अनुमोदन गरेको थियो । संसद्को यही अवधिमा सत्ता गठबन्धनले महाभियोग प्रस्ताव पेस गरेपछि प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा निलम्बित छन् ।

एमालेले पार्टीले कारबाही गरेका १४ सांसदलाई पदमुक्त गर्नुपर्ने वा सभामुख अग्निप्रसाद सापकोटाले राजीनामा दिनुपर्ने माग राख्दै नवौं अधिवेशनमा ५ घण्टा ४० मिनेट अवरोध संसद् बैठक अवरोध गरेको थियो ।

किन उठ्दैन...

गर्नुपर्ने माग राखेकोमा तत्काल निर्माणको काम सुरु भएपछि फोहोरका गाडी आवतजावत गर्न पाएका थिए । पुनः सोही राजमार्गको अर्को खण्डमा सिसडोलकै विषयलाई लिएर अवरोध भएपछि फेरि काठमाडौंको फोहोर उठ्न सकेको छैन ।

स्थानीयको अवरोधका कारण करिब १५ सय फोहोर बोक्ने ट्रक रोकिए भने काठमाडौं उपत्यका दुर्गन्धित बन्न पुग्यो । अन्त्यमा सरोकारवाला निकायले यथाशीघ्र सडक बनाउने प्रतिबद्धता जनाएपछि स्थानीयले फोहोरका गाडी गुड्न दिन थाले । केही दिन बित्न नपाउँदै सडकमा ठेकदार र कामदार नदेखेपछि फेरि तारकेश्वर नगरपालिक-३ स्थित तीन पिप्लेका स्थानीयले सडक रोके । केही समयपछि कामदार आएपछि तत्काललाई समस्या समाधान भयो । फेरि अर्को ठाउँका स्थानीयले सडक अवरोध सिर्जना गर्न पुगे । सडक निर्माण तथा पिच नभएका कारण सो क्षेत्रमा कतिबेला फोहोर बोकेका गाडी बन्द हुन्छन् भन्ने टुंगो नहुने अवस्था सिर्जना हुन थालेको छ ।

बन्चरे डाँडा ल्यान्डफिल्ड साइडमा देखिएका स्थानीय समस्या समाधान गरी फोहोरको वैज्ञानिक व्यवस्थापन र अविलम्ब आवश्यक कार्य प्रारम्भ गर्न ज्यापिड एक्सन टास्क फोर्स गठन गरिएको छ । मन्त्रिपरिषद्ले टास्क फोर्स गठन गरेपछि फोर्सले फिल्डमा गएर प्रभावकारी कामको अगाडि बढाउन सकेको छैन ।

१४ वाणिज्य...

कोभिडका कारण भन्दै चालु आर्थिक वर्षको पहिलो त्रैमासमा कुनै पनि बैंकलाई कारबाही नगरेको राष्ट्र बैंकले दोस्रो त्रैमासबाट मात्र कारबाही सुरु गरेको हो । जसअनुसार अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात कायम नगरेको भन्दै प्रभु बैंकलाई १ लाख ८० हजार ४ सय ३० रुपैयाँ जरिवाना गरिएको छ ।

हाल बोलकबोलका आधारमा संकलन हुने मुद्दती निक्षेपको हकमा प्रकाशित ब्याजदर ३ महिनासम्म परिवर्तन गर्न नपाइने व्यवस्था छ । उक्त व्यवस्था विपरित तीन महिना अघि मुद्दती निक्षेपको ब्याजदर परिवर्तन गरेको भन्दै नेपाल बैंकलाई राष्ट्र बैंकले कारबाही गरेको छ । नियम विपरित तीन महिना अघि मुद्दती निक्षेपको ब्याजदर परिवर्तन गरेको भन्दै राष्ट्र बैंकले राष्ट्रिय वाणिज्य बैंक, नबिल बैंक, हिमालयन बैंक, नेपाल एसबिआई, नेपाल बंगलादेश, एनसीसी, सिटिजन्स, सनराइज, मेगा र सेन्चुरी बैंकका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराएको छ ।

मुद्दती निक्षेप र साधारण निक्षेपमा प्रदान गर्ने अधिकतम र न्यूनतम ब्याजअन्तर ५ प्रतिशतभन्दा बढी गर्न नपाइने प्रावधान विपरित काम गरेको भन्दै राष्ट्र बैंकले स्टान्डर्ड चार्टर्ड र एनएमबी बैंकलाई कारबाही गरेको छ । यी बैंकको हकमा पनि दुवै संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको राष्ट्र बैंकले जनाएको छ ।